# लहान नगरपालिकाको आठौं नगर परिषद् समारोहमा
# प्रमुख एवं कार्यकारी अधिकृत श्री कृष्ण बहादुर कार्कीले प्रस्तुत गर्नु भएको
# आ.व. २०७२/७३ को नीति, कार्यक्रम तथा वजेट वक्तव्य

लहान नगरपालिकाको आठौं नगर परिषद् उदघाटन समारोहका प्रमुख अतिथि सिरहा जिल्ला निर्वाचन क्षेत्र नम्वर १ का माननिय सभासद श्री पदम नारायण चौधरीज्यू
कार्यक्रमका विशिष्ट अतिथि श्रीमान् प्रमुख जिल्ला अधिकारीज्यू
स्थानीय विकास अधिकारीज्यु
पुर्व मन्त्री श्री लक्ष्मण मेहताज्यू
पुर्व नगरप्रमूख एवं उपप्रमुखज्यूहरु,
पुर्व सह सचिव श्री रामादिन यादवज्यु
सिरहा जिल्लास्थीत नगरपालिकाका कार्यकारी अधिकृतज्यूहरु
कार्यक्रममा पाल्नु हुने सम्पुर्ण कार्यालय प्रमुखज्युहरु
नगरस्तरिय राजनीतिक दलका प्रमुख एवम् प्रतिनिधिज्युहरु
उद्योग वाणिज्य संघका अध्यक्षज्यू
वित्तिय क्षेत्र तथा गैर सरकारी संस्थाका प्रमूख एवं प्रतिनिधिज्यूहरु,
वडा नागरिक मञ्चका संयोजकज्यूहरु
नगरिक सचेतना केन्द्रका संयोजकज्यूहरु
नगरस्तरिय तथा वडास्तरिय शान्ती समितिका संयोजकज्यूहरु
विभिन्न टोल विकास संस्थाका प्रमुखज्यूहरु
महिला, आदिवासी जनजाती, दलित, फरक क्षमता भएका तथा पछाडि पारिएका बर्ग तथा समुदायका प्रतिनिधिज्युहरु
वडा सचिवहरु,
विभिन्न पेशागत संघ संस्थाका प्रमूख एवं प्रतिनिधिज्यूहरु,
पत्रकार महासंघका अध्यक्ष तथा सम्पूर्ण संचारकर्मी मित्रहरु,
एवं उपस्थित सम्पुर्ण महिला तथा सज्जनवृन्द,

पुर्व पश्चिम राष्ट्रिय लोकमार्गमा अवस्थित सगरमाथा अञ्चलकै व्यापारिक केन्द र सिरहा जिल्लाकै जेठो नगरपालिकाका रुपमा रहेको यस लहान नगरपालिकाको आठौं नगरपरिषदको उदघाटन समारोहमा हाम्रो आमन्त्रणलाई सहर्ष स्विकार गरि पाल्नु हुने प्रमुख अतिथिज्यू, विशिष्ट अतिथिज्यू, मञ्चमा आसिन अन्य सम्पूर्ण अतिथिज्यूहरु, विभिन्न कार्यालय तथा संस्थाका प्रमुख एवं प्रतिनिधिज्यूहरु, पत्रकार मित्रहरु लगायत उपस्थित सम्पुर्ण महानुभावहरुमा लहान नगरपालिका र स्वयं आफ्नो तर्फवाट यहांहरु सवैलाई हार्दिक स्वागत गर्दै न्यानो अभिवादन टक्रयाउन चाहन्छु ।

सर्वप्रथम आठौं नगरपरिषदको गरिमामय उदघाटन समारोहमा यहांहरु मांझ उभिरहदा राष्ट्रिय स्वाधिनता, प्रजातन्त्र, लोकतन्त्र, गणतन्त्र,संघीयताको प्राप्ति र त्यसैको जगमा समृद्ध राष्ट्र निर्माण गर्ने संकल्प सहित भएका बलिदानीपुर्ण आन्दोलनहरुमा त्यागका साथ प्राण उत्सर्ग गर्ने सम्पुर्ण ज्ञात अज्ञात वीर शहिदहरु प्रति हार्दिक श्रद्धा सुमन अर्पण गर्दछु ।

नेपालले विकेन्द्रीकरणको अभ्यास गरेको ५ दशक भन्दा लामो समय सम्म विभिन्न नाम तथा संरचनाको रुपमा नगर तहको स्थानीय सरकारको रुपमा नगरपालिका कृयाशिल रहेको पाइन्छ । जनताको नजिक रहेका निकायहरुमा जनताको लागि आवश्यक विषयमा निर्णय गर्न पाउने अधिकार प्रदान गर्नु पर्ने परिपुरण (Subsidiarity) को सिद्धान्त बमोजिम नेपालका स्थानीय निकायहरुले आफूलाई प्राप्त अधिकार तथा

जिम्मेबारीको अभ्यास गर्दै आएको कुरा यहाँहरु समक्ष विदीतै छ । जराधार तहमा रहेका जनताको नजिकमा रहेर,उनीहरुकै इच्छा र आवश्यकतामा आधारित रहेर, उनीहरुकै सहभागीतामा स्थानीय निकायहरुले स्थानीय तहको विकास व्यवस्थापन र सेवा प्रवाहका माध्यमवाट स्थानीयस्तरमा राज्यको उपस्थितीको अनुभूती दिलाइ रहेका छन ।

वि.सं.२०३३ सालमा साविक लहान वजार,लहान गोठ र सिंगराही मटियर्वा गा.वि.स.हरुलाई गाभेर १० वडामा विभाजन गरि निर्माण भएको यस लहान नगरपालिकामा नेपाल सरकार (मन्त्रीपरिषद)को मिति २०७१।८।१६ गतेको निर्णयवाट नगरपालिकाको आसपासमा रहेका नौ गा.वि.स.हरु गाभी नगरपालिकाको क्षेत्र विस्तार भई २२ वडा कायम गरिएको छ । नगरपालिकाको क्षेत्र विस्तार पछिका पहिलो नगरपरिषद समक्ष लहान नगरपालिकाको आ.व. २०७२।०७३ को नीति, कार्यक्रम तथा वजेट प्रस्तुत गर्न पाउदा मैले आफुलाई शौभाग्यशाली ठानेको छु ।

## आदरणीय प्रमुख अतिथिज्यू, विशेष अतिथिज्यू तथा उपस्थित महानुभावहरु

नगरक्षेत्रको विस्तारले हाम्रा सामु अवसर र चूनौती दुवै सिर्जना भएका छन । विस्तारित नगरक्षेत्र भित्र सलहेश फुलवारी, व्रम्हान गोर्छारी, पकडियागढ, राजदेवी मन्दिर, गणेसनाथ दह जस्ता ऐतिहासिक, सास्कृतिक र धार्मिक महत्वका धरोहरहरु समाहित भएका छन । उक्त स्थानहरुमा भौतिक पुर्वाधारको विकास र  प्रचार प्रसार गर्न सकिएमा पर्यटन प्रवर्द्धनका माध्यमवाट नगरको विकासमा महत्वपुर्ण योगदान पुग्ने देखिन्छ । त्यसै गरि ठुलो मात्रामा कृषि योग्य भुमी, प्राकृतिक श्रोत साधनहरु नगरक्षेत्रमा समावेश भएको हुदा त्यसको योजनावद्ध परिचालन र व्यवस्थापन  गर्न सकिएमा स्थानीय आर्थीक विकासले फड्को मार्ने सम्भावना छ ।

ऐतिहासिक, प्राकृतिक, सांस्कृतिक, धार्मिक एवं पर्यटकीय महत्वका दृष्टिले अत्यन्त सवल सम्भावना भएता पनि नगरको समग्र आर्थिक, सामाजिक विकास प्रकृयालाई अघि वढाउन हाम्रा सामु केहि चुनौतिहरु पनि छन् । विस्तारित क्षेत्रका वासिन्दाहरुमा नगरको अनुभुती दिलाउनु, सिमित साधन श्रोतका माध्यमवाट विस्तारित नगरका आवश्यकताहरुलाई सम्वोधन गर्नु, विकासको क्रममा पछाडि परेका वर्ग र क्षेत्रलाई विकासको मुल प्रवाहमा समाहित गर्नु, उत्पादनशिल क्षेत्रमा साधन श्रोतको परिचालन गर्नु, निर्वाहमुखी कृषि प्रणालीलाई व्यवसायीकरण गर्नु, स्थानीयस्तरमा उद्यमशिलताको प्रवद्धन गर्नू र नगरमा सुशासनको प्रवर्द्धन गर्नु आदि मुख्य चुनौतीहरु विद्यमान छन । उल्लेखित चुनौतीहरुका वावजुद विकास प्रति सम्पुर्ण नगरवासीहरुको ऐक्यवद्धता र उत्साह तथा नगरमा कृयाशिल सवै राजनीतिक दलहरु बीचको सुझवुझपूर्ण समझदारीले हालको संक्रमणकालिन अवस्थाका वावजुद सीमित साधन श्रोतको महत्तम उपयोग गरि जनचाहना अनुरुप प्राथमिकताका क्षेत्रमा साधन विनियोजन गर्न सकिएको तथ्य स्मरण गर्दै आगामी दिनहरुमा समेत समझदारीको निरन्तरताले अपेक्षित उपलव्धि हासिल गर्न सकिन्छ भन्ने मैले विश्वास लिएको छु ।

जनता सार्वभौम र सर्वोपरी शक्तिमात्र नभएर इतिहासका निर्माता पनि हुन् । जनताको इच्छा, आकांक्षा र चाहनाको परिपूर्तिनै लोककल्याणकारी राज्यको सर्वोपरी उद्देश्य र स्वार्थ हुन्छ । लोकतन्त्र जनतामाथि शासन गर्ने नभई जनता स्वयंले सवैको आत्मसम्मान, सहभागिता र संलग्नतालाई शुनिश्चित गरि निर्वाचित जनप्रतिनिधिहरु मार्फत आफ्नो शासन आफैं संचालन गर्ने व्यवस्था हो । यस उद्देश्यलाई सार्थक बनाउन स्थानीय स्वायत्त शासन ऐन, २०५५ ले जननिर्वाचित स्थानीय निकायहरु मार्फत स्थानीयस्तरमा स्वशासनको अनुभूति दिलाउन स्थानीय निकायहरुलाई पर्याप्त मात्रामा जिम्मेबारीको हस्तान्तरण गरेको भएता पनि श्रोत परिचालनको सीमित दायराको कारणले जनअपेक्षा अनुरुप स्थानीय आवश्यकताको सम्वोधन हुन नसकिरहेको तितो यथार्थ मैले लुकाई रहन पर्दैन । अतः यस अवसरमा म स्थानीय निकाय खास गरि नगरपालिकाहरुको श्रोत वढाउन सम्वन्धित निकाय समक्ष आग्रह गर्न चाहन्छु ।

आ.व.२०७२/०७३ को नगर विकास योजना तर्जूमा गर्दा हामीले राष्ट्रिय योजना आयोग तथा संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयवाट प्राप्त मार्ग दर्शन, तेह्रौं योजनामा उल्लेखित लक्ष्य, उद्धेश्य तथा नीतिहरु, विद्यमान ऐन, नियम, कार्यविधि तथा निर्देशिका, सहश्राव्दि विकास लक्ष्य, स्थानीय पूर्वाधार विकास नीति, आवधिक नगर विकास योजनालाई प्रमुख आधारका रुपमा लिएका छौं ।

## आदरणीय प्रमुख अतिथिज्यू, विशेष अतिथिज्यू तथा उपस्थित महानुभावहरु

अव म यस जिल्लामा गत आ.व. ०७०/७१ र चालू आ.व. ०७१/७२ मा भएका विकास निर्माण कार्यका वारेमा संक्षेपमा चर्चा गर्ने अनुमति चाहान्छु । लहान नगर क्षेत्रमा सरसफाईका क्षेत्रमा गत आ.व.मा रणनीतिक महत्वका २ वटा कार्यहरु भएका छन । पहिलो कार्य लहानले मिति २०७१/२/२२ गते विश्व वातावरण दिवसका अवसरमा लहान घोषणा पत्र जारी गरि प्लाष्टिक मुक्त लहानको परिकल्पना सहित लहान नगरपालिका क्षेत्रलाई प्लाष्टिक झोला निषेधित क्षेत्र घोषणा गऱ्यो । यो अभियानको घोषणा भएको करिव ७ महिना अवधिको समिक्षा गर्दा सत प्रतिशत सफलता प्राप्त भएको नदेखिएता पनि केहि आश लाग्दा उपलब्धि ह्यसिल भएको देखिन्छ । आज यो गरिमामय समारोहमा यहांहरु माझ उभिरहदा म गर्वका साथ भन्न सक्छु नगर क्षेत्रमा कालो प्लाष्टिकको झोला वेच विखन तथा प्रयोग धेरै हद सम्म न्युनिकरण भएको छ । यद्धपी अझै हामीले यो अभियानको महत्व र प्लाष्टिकले वातावरणमा पुऱ्याउने असरका वारेमा नगरवासीहरुलाई बुझाउन वांकी छ । नगरपालिका कार्यालयवाट अनुगमन हुदा प्लाष्टिक झोला लुकाउने र नगरपालिकाको अनुगमन टोली फर्कना साथ प्लाष्टिक झोलामा वेच विखन गर्ने नगरपालिका र व्यापारीहरु विचको यो लुकामारी जारी छ । आज म नगरपालिकाको तर्फवाट यहांहरु माझ संकल्प गर्दछु, नगरको वातावरण संरक्षण र फोहर मैला न्युनिकरणका लागि अघी वढाइएको यो अभियानलाई मर्न दिइने छैन । यो अभियानलाई वचाउन दण्डात्मक उपायहरुलाई विना मोल मोलाहिजा कडाईका साथ कार्यान्वयन गरिने छ ।

आ.व. २०७०/०७१ मा फोहर मैला व्यवस्थापनका क्षेत्रमा भएको अर्को महत्वपुर्ण कार्य फोहर मैला व्यवस्थापन केन्द्रको स्थापना हो । फोहर मैला व्यवस्थापन केन्द्रको स्थापना दिर्घकालिन महत्वका हिसावले नगरको फोहर मैला व्यवस्थापनका क्षेत्रमा कोशे ढुंगाका रुपमा रहेको छ । उपरोक्त दुवै अभियानमा सहयोग पुऱ्याउनु हुने राजनीतिक दल, उद्योग वाणीज्य संघ, संघ संस्था तथा सम्पुर्ण नगर वासीहरुमा धन्यवाद ज्ञापन गर्न चाहन्छु । यो अभियानलाई अनेकौ चुनौतीहरुसंग लडेर अघि वढाउनु हुने तत्कालिन कार्यकारी अधिकृत श्री महेन्द्र कुमार खाम्याहाङ्गलाई आजको यस गरिमामय समारोहमा सम्मानका साथ स्मरण गर्न चाहन्छु ।

आ.व. २०७०/७१ मा १८१० मिटर सडक कालोपत्रे, २७५४ मिटर सडक ग्राभेल र ११२७ मिटर कालोपत्रे सडक मर्मत सम्भार र १ कल्भर्ट निर्माण गरिएको छ । यसै गरि प्रचलित ऐन नियममा व्यवस्था भए बमोजिम लक्षित समुदायका लागि वजेट विनियोजन भई कार्यावन्यन गरिएको छ भने नगरपरिषदवाट वजेट विनियोजन भए बमोजिमका वडास्तरिय योजनाहरु पनि कार्यान्वयन भएका छन ।

यसै गरि चालु आ.व. २०७१/७२ मा जगेडा कोषवाट संचालन हुने ४ वटा सडकको नाला सुधार र कालोपत्रे तथा फोहर मैला व्यवस्थापन केन्द्र सुधार तथा व्यवस्थापन कार्यका लागि वोलपत्र आव्हान भई वोलपत्र मुल्यांकनको चरणमा रहेको, सडक वोर्डसंगको साझेदारीमा संचालन हुने आयोजनाहरुको कार्यक्रम र लागत अनुमान तयार गरि स्विकृतीका लागि सडक वोर्ड नेपालमा पठाइ सकिएको छ । सडक वोर्ड नेपालवाट स्विकृति प्राप्त हुना साथ उक्त आयोजनाहरुको समेत वोलपत्र आव्हान गरिने छ भने आठौं नगर परिषद पश्चात वडास्तरिय र लक्षीत समुदायका योजना तथा कार्यक्रमहरु कार्यान्वयनमा लगिने व्यहोरा यहांहरु माझ निवेदन गर्न चाहन्छु ।

आदरणीय प्रमुख अतिथिज्यू, विशेष अतिथिज्यू तथा उपस्थित महानुभावहरु

अव म आगामी आ.व. २०७२/०७३ को वार्षिक नगर विकास योजनाका केहि पक्षहरु यस सम्मानित समारोहमा राख्न चाहन्छु । नगर परिषदको संघारमा नेपाल सरकारको मिति २०७१/८/१६ को निर्णयानुसार लहान नगरपालिकामा आसपासका ९ वटा गा.वि.स.हरु गाभिएको व्यहोरा यहांहरुमा विदितै छ । नेपाल सरकारको उक्त निर्णय कार्यान्वयन, तत्पश्चात विस्तारित वडाहरुमा वडा नागरिक मञ्चको गठन,निर्धारित समय सिमा भित्र वडा भेला, एकिकृत योजना तर्जुमा समितिको वैठक सम्पन्न गरि नगर परिषद आयोजना गर्नु पर्ने हुदा समयाभावका कारण स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधिमा भएको व्यवस्था अनूरुपको मापदण्ड पुरा गरि विस्तारित क्षेत्रका वडावासीहरुको  एकिकृत योजना तर्जुमा समितिमा प्रतिनिधित्व गराउन परिस्थितीजन्य जटिलताका कारण सम्भव नभएको व्यहोरा यहांहरु माझ दुई हात जोडी निवेदन गर्न चाहन्छु । तथापी वजेट शिलिङको निर्माण गर्दा विस्तारित क्षेत्रका वडाहरुमा जाने वडागत वजेट साविक गा.वि.स.मा प्राप्त हुने पुजिंगत अनुदान भन्दा न्युन नहोस भन्ने तर्फ ध्यान पुऱ्याइएको, भाषागत कमी कमजोरी सच्याउन वाहेक वडा भेलावाट छनौट भई आएका सवै वडास्तरिय योजनाहरुलाई नगर विकास योजनामा समावेश गरिएको तथा जगेडा कोष र सडक वोर्ड तर्फका योजनाहरुको छनौट गर्दा समेत समन्यायमा ध्यान पुऱ्याइएको व्यहोरा निवेदन गर्न चाहन्छु ।

राज्यलाई उचित कर तिर्नु तथा राज्यबाट समान कानुनी संरक्षण तथा सुरक्षा प्राप्त गर्नु राज्यको उत्पति सम्वन्धि राज्य तथा नागरिकहरु विचको सामाजिक सम्झौताको सिद्धान्त हो । आधुनिक राज्य प्रणालीको स्थापना सम्वन्धि हालसम्मको यही नै आधिकारिक र वैज्ञानिक सिद्धान्त मानिएको छ । यस सिद्धान्तमा राज्यलाई तोकिएको कर तिर्नु पर्ने दायित्व नागरिकहरुलाई सुम्पिएको पाइन्छ । नगरपालिकाले आफ्नो कर प्रशासनलाई सेवाग्राही मैत्री वनाउदै करको दायरा विस्तार गरि कर संकलनलाई प्रभावकारी वनाउने नीति अवलम्वन गरेको छ । कर संकलनका सन्दर्भमा चालु आ.व.मा नयां वडाहरुमा एकिकृत सम्पति कर लागु गर्न सम्भव नभएको हुदा नगरपालिकावाट निर्धारित दरमा मालपोत संकलन गर्ने कार्यलाई यथावत राखिने छ । लहान नगरपालिकामा चालु आ.व. २०७१/७२ वाट सुरुवात गरिएको सरसफाई सेवा शुल्कमा नया वडाहरुका लागि आ.व. २०७२/७३ सम्मका लागि मिति २०७१ माघ १ गते वाट लागु हुने गरि ५० प्रतिशत छुट गरिएको छ । नयां वडाहरुका अधिकांश नगरवासीहरु कृषि पेशामा आश्रीत भएको हुदा किसानहरुका लागि सहुलियत दरमा मलखाद तथा विउ विजन खरिद गर्न आवश्यक पर्ने सिफारिश निशुल्क उपलव्ध गराउने व्यवस्था गरिएको छ । त्यसै गरि विस्तारित क्षेत्रका वडाहरुमा आ.व. २०७१/०७२ का लागि मिति २०७१ माघ १ गतेवाट लागु हने गरि घर वाटो सिफारिश दस्तुरमा ५० प्रतिशत छुट गरिएको व्यहोरा पनि म यहांहरु माझ निवेदन गर्न चाहन्छु ।

आगामी बर्षको वजेट तर्जुमा गर्दा स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधिमा उल्लेख भए वमोजिम सवै जातीका विपन्न महिला, वालवालिका, आदिवासी जनजाती, दलित, अपाङ्गता भएका व्यक्ति, मुस्लिम तथा पिछडा वर्ग एवं जेष्ठ नागरिकका लागि तोकिएको अनुपातमा रकम विनियोजन गरि सशक्तिकरण र मुलप्रवाहिकरणमा सहयोग पुग्ने पूर्वाधार विकास, क्षमता विकास, अभियानमूलक कार्यक्रम, सीप मुलक कार्यक्रमहरु छनौट गरिएको छ । यसवाट आर्थिक रुपमा विपन्न तथा आर्थिक एवं सामाजिक रुपमा पछाडि परेका र पारिएका वर्गलाई प्रत्यक्ष फाइदा पुग्ने विश्वास लिएको छु ।

सहभागीतामुलक योजना तर्जूमाको चरण पार गरि वडा भेला, एकिकृत योजना तर्जुमा समिति हुदै जनभावना मुखरित हुने गरि जे जती योजनाहरु नगरपालिका समक्ष पेश हुन आएका छन, सिमित श्रोत साधनको परिधि भित्र समेटिनु पर्दा सवै योजनाहरुमा वजेट विनियोजन गर्न सकिएको छैन । यसलाई यहांहरुले वाध्यताको रुपमा स्विकार गरि दिनु हुनेछ भन्ने मैले विश्वास लिएको छु । हामीले श्रोत साधन जुटाउन सम्भव नभएका सवै योजनाहरुलाई नेपाल सरकारको वजेट प्रणालीमा आवद्ध गर्न मिल्ने गरि नगर विकास योजनामा समावेश गरि सम्वन्धित केन्द्रिय निकायहरुमा प्रेषित गरिने व्यहोरा पनि यहांहरु माझ निवेदन गर्न चाहन्छु ।

## आदरणीय प्रमुख अतिथिज्यू, विशेष अतिथिज्यू तथा उपस्थित महानुभावहरु

अव म नगरमा अत्यावश्यक देखिएका केही पूर्वाधारहरुको विषयमा यहाँहरुको ध्यानाकर्षण गराउन चाहान्छु । नगर क्षेत्रको विस्तार संगै नगरमा सडक सन्जाल समेत विस्तार भएको छ । विद्यमान सडकहरु विच एक आपसमा अन्तर सम्वन्ध कायम गरि नगरवासीहरुको आवागमनलाई सहज वनाउन र नगरको चौतर्फी विकासलाई सहयोग पुऱ्याउन नगरपालिका क्षेत्र भित्र चक्रपथ निर्माण गर्न अत्यावश्यक देखिएको हुदा आगामी आ.व.मा यसको सम्भाव्यता अध्ययनका लागि वजेटको व्यवस्था गरिएको छ । नगरपालिकाको सिमित साधन श्रोतवाट चक्रपथ निर्माणको कार्य सम्पन्न गर्न तत्काल सम्भव नदेखिएको हुदा नेपाल सरकारको सम्वन्धित निकायमा ध्यानाकर्षण गरि दिन हुन म आजका प्रमुख अतिथी माननीय सभासदज्यू समक्ष हार्दिक निवेदन गर्दछु ।
नगर क्षेत्र भित्रको एक मात्र वाचनालयको भवन जिर्ण भई जुन सुकै वखत भत्कन सक्ने स्थिती रहेको हुदा उक्त भवन पुननिर्माण गर्न स्थानीय स्तरको प्रयासले मात्र सम्भव नदेखिएको हुदा नेपाल सरकारको सम्वन्धित निकायको ध्यानाकर्षण गराउन चाहन्छु ।
खुटी नदिवाट भइरहेको कटानका कारण लहान नगरपालिका वडा नं. १० को गुदी गांउ विपदको उच्च जोखिममा परेको हुदा खुटी नदीमा तटवन्ध निर्माण गर्न अति आवश्यक देखिएको हुदा म जल उत्पन्न प्रकोप नियन्त्रण विभागको ध्यानाकर्षण गराउन चाहन्छु ।

## आदरणीय प्रमूख अतिथिज्यु एवं अतिथिज्युहरु

अव म आर्थिक वर्ष ०७२।७३ को नगर विकास योजना तर्जूमा गर्दा लिइएका केही क्षेत्रगत नीति तथा नगर विकास योजना तर्जूमाका आधारहरु प्रस्तुत गर्ने अनुमति चाहान्छु :

**क. पूर्वाधार तथा संरचना विकास**

१. सहभागीतामुलक योजना तर्जुमाका माध्यमवाट वडा भेलाले छनौट गरि पठाएका योजनाहरुलाई श्रोतले भ्याए सम्म प्राथमिकताका आधारमा क्रमशः कार्यान्वयन गर्दै लगिने छ ।
२. नगरस्तरीय योजना छनौट गर्दा नगरको मुख्य क्षेत्रलाई ऐतिहांसिक, धार्मिक र पुरातात्विक महत्वका स्थलहरुसंग जोडने र रणनैतिक महत्वका सडकहरुलाई प्राथमिकतामा राखिने छ ।
३.पुर्वाधार विकासमा स्थानीय समुदाय र निजी क्षेत्रको साझेदारीलाई प्रवर्द्धन गर्न जोड दिइनेछ ।
४. वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रसंगको साझेदारीमा सौर्य सडक बत्ती जडान गर्ने नीति लिईनेछ ।
५. जि.वि.स. र छिमेकी गा.वि.स. संग साझेदारी गरी पुर्वाधार विकास निर्माण गर्ने कार्य गर्ने नीति लिईनेछ ।
६. नगरका मुख्य भागमा र सम्भाब्य स्थानमा श्रोतमानै फोहोर छुट्याई फोहोर ब्यवस्थापन गर्न निजी क्षेत्रको समन्वय र साझेदारीमा विशेष कार्यक्रमहरु संचालन गरिने छ ।
७.रु. ५ लाख भन्दा माथीका आयोजनाहरु संचालन गर्दा आयोजना स्थलमा योजनासम्बन्धी जानकारी गराउन अनिवार्यरुपमा होर्डिंग बोर्ड राख्ने व्यवस्था मिलाइने छ ।
८. विद्यमान भैरहेको भवन निर्माण मापदण्डलाई आवश्यक संशोधन सहित कडाईका साथ लागू गरिनेछ
९. नगरपालिकाको स्रोत साधनले सम्भव नहुने योजनाहरुलाई सम्बन्धित निकायमा योजना कार्यान्वयनका लागि सिफरिश गरी पठाईनेछ ।
१०. लहान नगरपालिका कार्यालय परिषरमा रहेको पुरानो जिर्ण अवस्थामा रहेको भवन रहेको स्थानमा एउटा आधुनिक सिटी हल निर्माणका लागि लागि सम्भाव्यता अध्ययन गरिने छ ।
११. भवन निर्माणमा" एक घर दुई रुख" को नीति अवलम्वन गरिने छ । भवन निर्माण सम्पन्न प्रमाण पत्रका लागि आवेदन पेश गर्दा नवनिर्मित घर परिसरमा २ वटा वहुवर्षिय विरुवा लगाएको फोटो पेश गर्नु पर्ने व्यवस्था लागु गरिने छ ।
१२. बढ्दो सार्वजनिक जग्गा तथा सडक अतिक्रमण नियन्त्रण गर्न सरोकारवालाहरुसंगको समन्वयमा आवश्यक पहल कद्मी अघी बढाईनेछ ।

**ख. जनसंख्या तथा सामाजिक विकास**

१. नगरलाई खुल्ला दिसा मुक्त क्षेत्र घोषणा गर्न अभियानमुलक कार्यक्रमहरु संचालन गरिने छ ।

२.नगरमा खेलकुदको स्तर विकास गर्न नगर क्षेत्र भित्र एक सुविधा सम्पन्न रंगशाला निर्माण गर्न अत्यावश्यक देखिएको हुदा यसका लागि श्रोत जुटाउन आवश्यक पहल गरिने छ ।

३. सबै वडाहरुमा टोल विकास संस्था गठन गरी सरसफाई अभियान संचालन र वातावरण मैत्री टोल स्थापना गर्न वातावरण मैत्री स्थानीय शासनका सम्वन्धमा अभिमुखिकरण कार्यक्रमहरु संचालन गरिने छ

४. नागरिक सचेतना केन्द्रहरुमा आय आर्जनमा सहयोग पुर्‍याउने शिपमुलक तालिमहरु संचालन गरि उनीहरुको आर्थीक अवस्थामा सुधार ल्याउन जोड दिईनेछ ।

५. घरेलु हिंसा तथा लागु औषध दुर्व्यसन विरुद्ध जनचेतनामुलक कार्यक्रम संचालनमा जोड दिइने छ ।

६. वडा नागरिक मञ्चहरुको कृयाशिलता अभिवृद्धि गरि सामाजिक जागरण अभियानमा उनीहरुलाई परिचालन गरिनेछ ।

७. महिला, बालबालिका, आदिवासी/जनजाति, मधेशी, मुस्लिम, पिक्षडा वर्ग, दलित, भिन्न क्षमता भएका व्यक्ति, लैंगिक अल्प संख्यक, जेष्ठ नागरिकहरुको सशक्तिकरण, क्षमता विकास तथा शीप विकासका लागि सिपमुलक एवं चेतनामुलक कार्यक्रमहरु संचालन गरिनेछ ।

८. बालबालिकाहरुको नीति निर्माणमा सहभागीता अभिवृद्धि गर्न सवै वडाहरुमा वाल क्लव स्थापना गरि नगरस्तरिय वाल संजाल गठन गरिने छ ।

९. विपद् जोखिम न्युनिकरण र विपद् व्यवस्थापनलाई प्रभावकारी वनाउन सरोकारवालाहरुसंग सहकार्य गरी कार्यक्रम संचालन गरिने छ ।

११. वडा नं. १ मा सञ्चालित नगर स्वास्थ्य क्लिनिकको सञ्चालन तथा व्यवस्थापनलाई अझ प्रभावकारी तुल्याईनेछ

१२.शहरी वातावरण व्यवस्थापन समाज (युम्स) संगको साझेदारीमा स्वच्छ खानेपानीको आपुर्तिका लागि घारा जडान र सरसफाई सेवा प्रवर्द्धन गर्न विगत आ.व.वाट भइरहेको साझेदारीलाई निरन्तरता दिइने छ ।

**ग. प्रशासन तथा सँगठन विकास**

१. पेश्की तथा बेरुजुलाई कडाईका साथ नियन्त्रण गर्दै पेश्की तथा बेरुजु फछ्र्यौटलाई प्राथमिकता दिईनेछ ।

२. पेश्की लगी समयमै फछ्र्यौट नगर्नेहरुलाई नियमानुसार कारबाही गर्दै सार्बजनिक गरिनेछ ।

३. करारमा कार्यरत कर्मचारीहरुलाई उनीहरुको कार्य सम्पादन स्तरको आधारमा मात्र म्यादथप गरिनेछ ।

४. कर्मचारीहरुलाई काम प्रति बढी जिम्मेवार बनाई प्रोत्साहन गर्न नगरपालिकामा उत्कृष्ट काम गर्ने कर्मचारीमध्ये बाट १ जना लाई रु. ५,०००।- (अक्षरेपी रु. पांच हजार मात्र) सहित पुरस्कृत गरिनेछ ।

५. कार्यालयका कर्मचारीहरुले पालन गर्नु पर्ने आचार संहिता निर्माण गरि लागु गरिने छ ।

६. नागरिक वडापत्रमा उल्लेख भएका सेवाहरु तोकिएको समयमा दिन नगरपालिका प्रतिवद्ध रहनेछ ।

७. नगरपालिका र वडा कार्यालयमा कार्यरत जनशक्तीको क्षमता विकास गर्न तालिम कार्यक्रमहरु संचालन गरिने छ ।

**ङ. राजस्व**

१. एकिकृत सम्पत्ति कर लाई बढी सरल र प्रभावकारी बनाउने नीति लिईनेछ ।

२. कर प्रशासनलाई करदाता मैत्री वनाइने छ ।

३. न.पा. बाट प्रदान गरिने सेवा सुविधालाई राजस्व शाखासंग आवद्ध गरिने कार्यलाई अझ प्रभावकारी वनाइने छ ।

४. लहान उद्योग वाणिज्य संघसँग आवश्यक सहकार्य र समन्वय गरी व्यवसाय करलाई व्यवस्थित र प्रभावकारी बनाई सबै व्यवसायीलाई करको दायरामा ल्याउन पहल गरिनेछ ।

५.आगामी आर्थिक वर्षवाट बार्षिक रु.एक लाखभन्दा बढी कर तिर्ने करदाताहरुलाई नगर परिषदका अवसरमा सम्मान गरिने छ ।

६. करको दर भन्दा दायरा विस्तारमा जोड दिइने छ ।

७. राजस्वको सम्भाव्यता अध्ययनका आधारमा आगामी आ.व.का लागि राजस्व प्रक्षेपण गर्ने नीति अवलम्वन गरिने छ ।

## आदरणीय प्रमूख अतिथिज्यु एवं अतिथिज्युहरु

अव म गत आ.व.को यथार्थ,चालु आ.व.को मंसिर महिना सम्मको यथार्थ र वांकी अवधि सहितका लागि संशोधित वजेट र आगामी आ.व.का लागि प्रस्तावित वजेट अनुमानको खाका प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

गत आर्थिक वर्ष २०७०/७१ मा आन्तरिक र वाह्य श्रोत गरि जम्मा ८ करोड २९ लाख ३२ हजार ३ सय ४२।०० आय भएको र व्यय तर्फ चालु खर्च रु.२ करोड ४३ लाख ७८ हजार ७ सय ०३ पैसा ३६ र पुजिंगत खर्च रु. ४ करोड ९५ लाख ३१ हजार १ सय २६ पैसा ३३ गरि कुल रु. ७ करोड ३९ लाख ९ हजार ८ सय २९ पैसा ६९ खर्च भएको छ ।

चालु आ.व. २०७१/०७२ मा आन्तरिक र वाह्य श्रोत गरि कुल रु. १० करोड ३९ लाख ७१ हजार आय प्रस्ताव गरिएकोमा २०७१ मंसिर मसान्त सम्म कुल रु. ३ करोड ४५ लाख ६७ हजार ४ सय २८ पैसा १४ आय प्राप्त हुन आएको छ । त्यसै गरि व्यय तर्फ चालुमा रु. ३ करोड ९९ लाख ९० हजार र पुंजिगत तर्फ रु. ६ करोड ३९ लाख ८१ हजार गरि कुल रु १० करोड ३९ लाख ७१ हजार खर्च प्रस्ताव गरिएकोमा २०७१ मंसिर मसान्त सम्म चालु तर्फ रु.१ करोड ३४ लाख ९५ हजार ४ सय १५ पैसा ९८ र पुंजिगत तर्फ रु. १ करोड ९६ लाख १ हजार ९ सय ०९ पैसा २३ गरि जम्मा रु. ३ करोड ३० लाख ९७ हजार ३ सय २५ पैसा २१ खर्च भएको छ भने चालु आ.व. २०७१। ०७२ का लागि आन्तरिक श्रोत तर्फ गत आ.व.को अ.ल्या. र धरौटी जफत सहित रु. ३ करोड ४१ लख ८० हजार २ सय ४९ पैसा २८ र वाह्य श्रोत तर्फ ९ करोड २८ लाख २७ हजार ३ सय २१ समेत गरि जम्मा रु. १२ करोड ७० लाख ७ हजार ५ सय ७० पैसा २८ संशोधित आय प्रस्तुत गरिएको छ भने व्यय तर्फ चालुमा रु. ३ करोड ८७ लाख ३९ हजार ३ सय १४ र पुंजिगत तर्फ ८ करोड ८२ लाख ६८ हजार २ सय ५६ पैसा २८ समेत गरि कुल व्यय १२ करोड ७० लाख ७ हजार ५ सय ७० पैसा २८ प्रस्तुत गरिएको छ ।

यसै गरि आगामी आ.व. २०७२/०७३ का लागि आय तर्फ आन्तरिकमा रु २ करोड ४२ लाख ४० हजार . र वाह्य तर्फ रु. १० करोड ५० लाख गरि कुल रु. १२ करोड ९२ लाख ४० हजार प्रस्ताव गरिएको छ भने व्यय तर्फ चालु खर्चमा रु. ४ करोड ५८ लाख ९५ हजार र पुंजिगत तर्फ ८ करोड ३३ लाख ४५ हजार गरि कुल रु. १२ करोड ९२ लाख ४० हजार खर्च प्रस्ताव गरिएको छ । जसमा पुंजिगत तर्फ ६४.४८ प्रतिशत र चालु तर्फ ३५.५२ प्रतिशत हुन आउछ ।

आदरणीय प्रमुख अतिथिज्यू लगायत  सम्पुर्ण महानुभावहरु

नगरपालिकाले आगामी बर्षको लागि प्रस्ताव गरेको बजेटको पूर्ण विवरण यहाँ राख्न व्यवहारिक पनि नभएको कारणले गर्दा यसको साराशं मात्रै प्रस्तुत गरेको तथ्य अनुरोध गर्दै उक्त वजेटको पूर्ण विवरण अविलम्ब नगरपालिकाको वेव पेजमा अपलोड गरिने व्यहोरा पनि निवेदन गर्न चाहन्छु । यसै सन्दर्भमा वजेट तथा कार्यक्रमको पूर्ण विवरण, नगर विकास योजना तर्जूमाका प्रस्तुत आधार तथा लिइएका नीतिहरुको विस्तारित खाका समेटिएको पुस्तक सिघ्रातिसिघ्र यहाहरु समक्ष उपलब्ध गराउने बाचा समेत गर्न चाहन्छु ।

योजनाको दस्तावेज तयार गर्नु आफैमा महत्वपूर्ण कार्य हो, त्यो भन्दा महत्वपूर्ण कार्य त्यसको प्रभावकारी कार्यान्वियन हुनु हो । सम्वद्ध सवैको सार्थक सहयोगबाट तयार भएको यो दस्तावेजको सफल कार्यान्वयनमा समेत यहाँहरुको महत्वपूर्ण भूमिका, सहयोग र सदभावको अपेक्षा गरेको छु ।

अन्तमा

हाम्रो आमन्त्रणलाई हार्दिकतापूर्वक स्वीकार गरी हामिलाई हौसला, मार्ग निर्देश एवं उर्जा प्रदान गर्न पाल्नु हुने आजका प्रमुख अतिथिज्यु, विशेष अतिथिज्यू लगायत सम्पूर्ण अतिथिज्यूहरु, योजना तर्जूमाको प्रारम्भिक चरण देखि वजेट सार्वजनिक गर्दा सम्मका हरेक कृयाकलापमा प्रत्यक्ष वा परोक्ष रुपमा संलग्न रही सहयोग पुर्‍याउनु हुने नगर स्थित राजनैतिक दलका प्रतिनिधिज्युहरु,वडा नागरिक मञ्चका सदस्यज्युहरु, नागरिक सचेतना केन्द्रका सदस्यज्युहरु, वडा सचिवहरु, सामाजिक परिचालकहरु, विभिन्न संघ संस्थाका प्रतिनिधिहरु लगायत सम्पुर्ण नगरवासीहरु प्रति हार्दिक आभार व्यक्त गर्दछु । त्यसै गरि नगर परिषद्को तयारीको प्रारम्भिक चरण देखि अहोरात्र खट्ने कर्मचारी मित्रहरुलाई धन्यवाद दिन चाहन्छु । नगरले लिएको लक्ष्य हासिल गर्न स्वीकृत कार्यकम तथा वजेट समयमै संचालन तथा सम्पन्न गरी प्रतिफल प्राप्तिका लागि यहांहरु सहित सम्पूर्ण नगरवासीहरुको समान सहभागिता र सहयोग रहनेछ भन्ने पूर्ण विश्वास राख्दै वजेट सारांश प्रस्तुति सहित आफनो भनाईहरु यही अन्त गर्दछु ।

धन्यवाद
मिति २०७१ पौष २७ गते, आइतवार

कृष्ण बहादुर कार्की
कार्यकारी अधिकृत

# आठौं नगर परिषदका निर्णयहरु

निर्णय नं. १

राष्ट्रियता, प्रजातन्त्र, लोकतन्त्र, गणतन्त्र, संघीयता, राष्ट्रिय स्वाधिनता, जनजिविका, पहिचान, पहुंच र प्रतिनिधित्वका लागि भएका वलिदानीपुर्ण आन्दोलनहरुमा सहादत प्राप्त गर्ने सम्पुर्ण ज्ञात अज्ञात सहिदहरु प्रति आजको यो नगर परिषद वैठक हार्दिक श्रद्धान्जली अर्पण गर्दछ ।

निर्णय नं. २

आ.व २०७२/७३ का लागि नगर विकास योजना तर्जुमा गरि आठौं नगर परिषदवाट पारित गर्ने प्रयोजनार्थ नगरपालिकावाट प्रस्तावित  आय व्यय विवरण, कार्यकारी अधिकृत द्वारा प्रस्तुत नीति कार्यक्रम र वजेट, कर, शूल्क र दस्तुरका दरहरु सम्वन्धमा  आजको यस नगरपरिषद वैठकमा छलफल हुदा पेश भए वमोजिम स्विकृत गर्ने निर्णय गरियो ।

निर्णय नं ३

नगरपालिकावाट हुने सेवा प्रवाहलाई जनउत्तरदायी, पारदर्शी, मितव्ययी, चुस्त दूरुस्त वनाउन ऐन, नियममा व्यवस्था भए वमोजिम कार्यसम्पादनका क्रममा तयार गरिएका प्रतिवेदनहरु, नगरपालिकाद्धारा संचालित सरसफाई अभियानलाई व्यवस्थित वनाउन तयार गरिएका कार्यविधि, रणनीतिक योजना आदि आजको यस नगरपरिषद वैठकवाट अनुमोदन गर्ने निर्णय गरियो ।

(क) मासुपसल संचालन मार्गदर्शन, २०७१
(ख) वार्षिक प्रगति समिक्षा गोष्ठीको प्रतिवेदन २०७०/७१
(ग) राजस्व परामर्श समितिको प्रतिवेदन २०७१/७२
(घ) न्युनतम शर्त तथा कार्य सम्पादन मापन मुल्यांकन प्रतिवेदन २०६९/७०
(ङ) वार्षिक खरिद योजना २०७१/७२
(च) नगर अनुगमन समितिको प्रतिवेदन २०७०/७१
(छ) सरसफाई सम्वन्धि रणनीतिक कार्ययोजना २०७१
(ज) सरसफाई व्यवस्थापन मार्गचित्र, २०७१
(झ) प्लाष्टिक झोला नियन्त्रण कार्यविधि, २०७१
(ञ) जिन्सी निरिक्षण प्रतिवेदन, २०७०/७१
(ट) राजस्व सम्भाव्यता अध्ययन  प्रतिवेदन, २०७१

निर्णय नं. ४

नगरपालिकाको कार्यसम्पादनको शिलशिलामा नगरपालिका वोर्ड वैठकवाट सातौं नगर परिषद पश्चात भएका सवै  निर्णयहरुलाई आजको वैठकवाट अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं. ५

सातौ नगरपरिषद पश्चात नगरपालिकावाट संचालित विकास आयोजना तथा कार्यक्रमहरुको प्राविधिक प्रतिवेदनका आधारमा नगरपालिका वोर्ड वैठकवाट भएको जांच पास तथा फरफारक सम्वन्धि निर्णयहरुलाई स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा १२३ को उपदफा ३ बमोजिम अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं. ६

लहान नगरपालिकाको आ.व. २०७०।०७१ को अन्तिम लेखापरिक्षण प्रतिवेदन यस सम्मानित परिषद वैठकमा पेश भई प्रतिवेदनले औल्याएको वेरुजु तथा वेरुजु फछ्र्यौट प्रगतिका सम्वन्धमा गम्भीररुपमा छलफल गरियो । आवश्यक उपायहरुको अवलम्वन गरि वांकी रहेको पेश्की तथा वेरुजु फछ्र्यौट र असुल उपर गर्नु पर्ने भए असुल उपर  गर्न नगरपालिका कार्यालयलाई तदारुकताका साथ कदम चाल्न निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं. ७

यस नगरपालिका कार्यालयमा कार्यरत कर्मचारीहरुको कार्यसम्पादन स्तरको मुल्यांकन गर्न निर्माण गरिएको सुचकका आधारमा उत्कृष्ठ कर्मचारी छनौट भएका कार्यालय सहयोगी श्री प्रमोद पण्डितलाई रु ५,००१।०० सहित प्रशंशा पत्र प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं. :- ८

लहान नगरपालिकाको आ.व. २०७०/०७१ मा भएको सम्पुर्ण आर्थिक कारोवारको अन्तिम लेखापरीक्षण गर्न सुचिकृत गरिएका दर्तावाला लेखा परिक्षक मध्धे वाट श्री जनार्दन प्रसाद उपाध्याय घिमिरेलाई छनौट गरि लेखा परिक्षक तोकिएको नगरपालिका वोर्ड वैठकको मिति २०७१।५।१३ गतेको निर्णय अनुमोदन  गर्ने निर्णय गरियो ।

निर्णय नं. ९

राजस्व परामर्श समितिवाट राजस्व को सम्भाव्यता अध्ययन र प्रक्षेपण प्रतिवेदनको अध्ययन समेतका आधारमा सिफारिश भई आए बमोजिम नगरपालिकावाट निर्णयार्थ प्रस्तुत गरिएको तपशिल बमोजिम कर, शुल्क र महशुलको दर रेट स्विकृत गर्ने निर्णय गरियो ।

## मालपोत वा भूमिकर र घर जग्गाकर

स्थानीय स्वायत्त शासन ऐन २०५५ को दफा १३६ वमोजिम नगरपालिका क्षेत्र भित्र देहाय वमोजिम मालपोत वा भूमि कर र घर जग्गा कर असुल उपर गरिनेछ ।

### २०२७ देखि २०४९ सम्म

| विवरण | अव्वल | दोयम | सिम | चाहार |
|---|---|---|---|---|
| प्रति विघा | ५१।- | ४४।- | ३५।- | २७।- |
| प्रतिकठ्ठा | २।५५ | २।२० | १।७५ | १।२५ |
| प्रतिघुर | ०।१३ | ०।११ | ०।०९ | ०।०६ |

**द्रष्टव्य** :- २०४९ सालको वक्यौतामा १०% स्थानीय विकास शुल्क थप गरी लिने ।

### २०५० साल

| विवरण | ऋवल | दोयम | सिम | चाहार |
|---|---|---|---|---|
| प्रति विगहा | ८०।- | ७२।- | ६०।- | ४०।- |
| प्रतिकठ्ठा | ४।- | ३।६० | ३।- | २।- |
| प्रतिघुर | ०।२० | ०।१८ | ०।१५ | ०।१० |

### २०५१ देखि २०६० सम्म १½ विगहा सम्म

| विवरण | ऋवल | दोयम | सिम | चाहार |
|---|---|---|---|---|
| प्रति विगहा | २०।- | १६।- | १२।- | १०।- |
| प्रतिकठ्ठा | १।- | ०।८० | | |
| प्रतिघुर | ०।०५ | ०।०४ | ०।०३ | ०।०२ |

### २०५१ देखि २०६० सम्म ३ विगहा सम्म

| विवरण | ऋवल | दोयम | सिम | चाहार |
|---|---|---|---|---|
| प्रति विगहा | ३०।- | २५।- | २०।- | १५।- |
| प्रतिकठ्ठा | १।५० | १।२५ | १।- | ०।७५ |
| प्रतिघुर | ०।०७ | ०।०६ | ०।०५ | ०।०३ |

**द्रष्टव्य** :-        न्यून्तम शुल्क रु. २।-

### २०५१ देखि २०६० सम्म ३ विगहा माथिको

| विवरण | ऋवल | दोयम | सिम | चाहार |
|---|---|---|---|---|
| प्रति विगहा | ७०।- | ५५।- | ५०।- | ४०।- |
| प्रतिकठ्ठा | ३।५० | ३।२५ | २।५० | २।- |
| प्रतिघुर | ०।१७ | ०।१६ | ०।१२ | ०।१० |

**०१.     घर जग्गाको कर :-**

| सि.नं. | विवरण | करकोदर रु. |
|---|---|---|
| क. | पहिलो रु. १० लाख सम्म | X |
| ख. | त्यसपछि १० लाख सम्म | ३००।- |
| ग. | त्यसपछि ३० लाख सम्म | ०।०५% |
| घ. | त्यसपछि ५० लाख सम्म | ०।२५% |
| ङ. | त्यसपछि १ करोड सम्म | ०।५०% |
| च. | त्यसपछि वांकी रकममा | १।५०% |

**द्रष्टव्य** :- स्थानीय समिति गठन भई जग्गा मूल्यांकन नहुन्जेल सम्म कर कार्यालयवाट मिति २०५३/०२/०४ मा भएको निर्णयमा निम्न अंचलको निम्नानुसार मूल्यांकन कायम गर्ने ।

| सि.नं. | अंचल | जग्गाको मोल प्रतिकट्ठा | कैफियत |
|---|---|---|---|
| ०१. | अंचल-१ | १०,००,०००।- | |
| ०२. | ,, | ७,००,०००।- | |
| ०३. | ,, | ५,००,०००।- | |
| ०४. | ,, | १,५०,०००।- | |
| ०५. | ,, | ७५,०००।- | |

## ०२. मालपोत :-

### (क) डेढ विगाह वा सो भन्दा कम जग्गा हुने जग्गावालकोलागि :-

| इकाई | ऋवल | दोयम | सिम | चाहार |
|---|---|---|---|---|
| प्रति विगहा | २०।- | १६।- | १२।- | १०।- |
| प्रतिकठ्ठा | १।- | ०।८० | ०।६० | ०।५० |
| प्रतिधुर | ०।०५ | ०।०४ | ०।०३ | ०।०२ |

### (ख) डेढ विगाह माथि तिन विगहा भन्दा कम हुने जग्गावालाकोलागि :-

| इकाई | ऋवल | दोयम | सिम | चाहार |
|---|---|---|---|---|
| प्रति विगहा | ३०।- | २५।- | २०।- | १५।- |
| प्रतिकठ्ठा | १।५० | १।२५ | १।- | ०।७५ |
| प्रतिधुर | ०।०७ | ०।०६ | ०।०५ | ०।०३ |

### (ग) डेढ विगाह जग्गा भन्दा वढी जग्गा हुने जग्गावालाकोलागि :-

| इकाई | ऋवल | दोयम | सिम | चाहार |
|---|---|---|---|---|
| प्रति विगहा | २००।- | १७५।- | १५०।- | १००।- |
| प्रतिकठ्ठा | १०।- | ८।७५ | ७।५० | ५।- |
| प्रतिधुर | ०।५० | ०।४४ | ०।३७ | ०।२७ |

**द्रष्टव्य** :- साविक गा.वि.स. सिंगराही मटियर्वा वडा नं. ३ र लहान बजारको वडा नं. १ "क" २ "क" र ४ "क" का शहरी क्षेत्रमा वर्गीकरण भएका जग्गाको हकमा प्रतिकठ्ठा रु. २५।- तथा न्यून्तम शुल्क रु. ५।-

## बहालकरको दररेट

स्थानीय स्वायत्त शासन ऐन २०५५ को दफा १३७ तथा नियमावली, २०५६ (संशोधन सहित) को नियम १४१ सँग सम्वन्धीत अनुसूची-९ को १ वमोजिम नगरपालिका क्षेत्रभित्र निर्माण भएका घर पसल, ग्यारेज, गोदाम टहरा, सेड कारखाना, जग्गा वा पोखरी पुरै वा आंशीक रुपमा वहालमा लगाएको वा दिएको भए धनीवाट रु. २% का दरले वहाल कर असुल गरिनेछ र सोही अनुसूची-२ वमोजिम न.पा.ले आफ्नो क्षेत्रमा निर्माण, रेखदेख वा संचालन गरेको हाट बजार र सार्वजनीक स्थल, ऐलानी जग्गा वा वाटोको छेउमा अस्थायी पसल थाप्न दिए वापत देहाय वमोजिमको मासिक वहाल विटौरी लिइने छ ।

क. राजमार्ग तथा मुख्य सडकको दायाँ वायाँ व्यवस्थीत रुपमा रहेका कठघरा तथा छाप्राहरुलाई प्रति वर्ग फुट रु. १०।-

ख. राजमार्ग तथा मुख्य सडक वाहेक अन्य क्षेत्रमा भएका ऐ.ऐ.मा प्रति वर्ग फुट रु. ५।-

ग. अव्यवस्थीत किसिमले न.पा.वाट स्वीकृती नलिई राखेका कठाघरा तथा छाप्राहरु हटाई व्यवस्थीत गरीने छ ।

## व्यवसाय करको दररेट

स्थानीय स्वायत्त शासन ऐन २०५५ को दफा १३८ वमोजिम नगरपालिका क्षेत्र भित्र व्यापार व्यवसाय वा पेसा गर्दा व्यापार व्यवसाय वा पेसामा पुंजीगत लगानी र आर्थिक कारोवारको आधारमा बार्षिक रुपमा देहाय वमोजिम व्यवसाय कर असुल गरिनेछ ।

| सि.नं. | व्यवसायको किसिम | "क" श्रेणी | "ख" श्रेणी | "ग" श्रेणी |
|---|---|---|---|---|
| ०१. | व्यापारिक वस्तुहरु :- | | | |
| १ क | ज.चु.का.लि. चुरोटको थोक विक्रेता | | | ५,०००।- |
| १ क | सुर्य टोवाको चुरोटको थोक विक्रेता | | | ७,०००।- |
| १/१ क | विडी वा सुर्तिको थोक विक्रेता | | | १,०००।- |

| | | | | |
|---|---|---|---|---|
| १/१ क | सुर्ति प्याकिङ्ग गर्ने उद्योग | | | २,०००।- |
| १/१ क | पान मसाला तथा गुटखा उद्योग | | | ३,०००।- |
| १/१ क | पान मसाला,गुटखा,पान पराग तथा सुर्ति जन्य पदार्थ बिक्रेता | | | १,०००।- |
| १/१ ख | मदीरा, वियर, कोल्ड ड्रिक्स थोक विक्रेता | | | ७,०००।- |
| १/१ ख | मदीरा, वियर, कोल्ड ड्रिक्स खुद्रा विक्रेता | २,०००।- | १,५००।- | १,०००।- |
| १/१ ख | मदीरा, वियर, कोल्ड ड्रिक्सको व्यवस्थाका साथै खाना सहित भएका उच्च स्तरीय होटल लंजहरुमा | | | ५,०००।- |
| १/१ ख | मदीरा, वियर, कोल्ड ड्रिक्सको व्यवस्थाका साथै खाना सहित भएका मध्यम स्तरीय होटल लंजहरुमा | | | ३,०००।- |
| १/१ ख | मदीरा, वियर, कोल्ड ड्रिक्सको व्यवस्थाका साथै खाना सहित भएका निम्न स्तरीय होटल लंजहरुमा | | | २,५००।- |
| १/१ ख | मदीरा, वियर, कोल्ड ड्रिक्सको साथै नास्ता व्यवस्था भएकोमा | | | २,०००।- |
| १/१ ग | सुन, चांदी एवं सो को गहना बनाई विक्री तथा वन्धकी राख्ने पसलहरुमा | ८,०००।- | ६,०००।- | ४,०००।- |
| १/१ ग | सुन, चांदी प्रसोधन गर्ने पसलहरुमा | | २,५००।- | १,५००।- |
| **१/२ क** | **निर्माण सामाग्रीहरु :-** | | | |
| १/२ क | हार्डवेयर पसल (निर्माण सामग्री समेत) | ५,०००।- | ३,०००।- | २,०००।- |
| १/२ क | सिमेन्ट र फलामे डण्टी मात्र अलग-अलग वेच्ने पसल | | | १,०००।- |
| १/२ क | ढक तराजु मात्र वेच्ने पसल | | | १,०००।- |
| १/२ क | शिशा, प्लाईउड, सनमाईका, रंग रोगन तथा स्यानेटेरीका सामानहरु वेच्ने पसल | २,०००।- | १,५००।- | १,०००।- |
| १/२ ख | कम्प्यूटर, प्रिन्टर, फोटोकपी लगायत सो सम्वन्धी सामान विक्री गर्ने पसल | | | २,०००।- |
| १/२ ख | टेलिभिजन, मोवाइल, फ्रिज, टेलिफोन, पंखा, आईन, घडी, केमरा तथा इलेक्ट्रोनिक सामानहरु खुदरा विक्रेता पसलहरु | ३,०००।- | २,०००।- | १,०००।- |
| १/२ ख | विजुलीका सामानहरु मात्र विक्री गर्ने पसल | | १,५००।- | १,०००।- |
| १/२ ख | रेडियो, घडी, टेप रेक्डर मर्मत गर्ने पसल | १,२००।- | १,०००।- | ७५०।- |
| १/२ ख | सिडी चक्का डबिङ्ग गरी भाडामा लगाउने र वेच्ने पसल | | १,०००।- | ७५०।- |
| १/२ ग | पेट्रोलियम पदार्थ विक्रेता | | | ५,०००।- |
| १/२ ग | एक पम्प भएकालाई | | | २,०००।- |
| १/२ ग | ड्रमवाट तेल वेच्नेहरु | | | १,०००।- |
| **१/३ क** | **दैनिक उपभोग पदार्थ** | | | |
| १/३ क | किराना सामान लगायत अन्य खुद्रा सामान बिक्रि गर्ने | | | १,५००।- |
| १/३ क | किराना पसल | | | १,०००।- |
| १/३ क | किराना पसल साधारन ( गुम्ती कठघरा समेत) | | | ५००।- |
| १/३ क | गल्ला खरिद विक्री | १,०००।- | ७००।- | ५००।- |
| १/३ क | सखर खरिद विक्री | १,०००।- | ७००।- | ५००।- |
| १/३ क | कपडा पसल ठूलो (सुर्टिङ्ग सटिङ्ग समेत) | | ५,०००।- | ४,०००।- |
| १/३ क | कपडा साधारण पसल | | २,०००।- | १,०००।- |
| १/३ क | रेडिमेट कपडा पसल स्तरीय | | ३,०००।- | २,०००।- |
| १/३ क | रेडिमेट कपडा साधारण | | २,०००।- | १,०००।- |
| **१/४** | **सवारी साधन विक्रेता** | | | |
| १/४ क | जिप,कार लगायत अन्य सवारी विक्रेता | | | १०,०००।- |
| १/४ क | ट्रयाक्टर विक्रेता | | | ९,०००।- |
| १/४ क | मोटर साइकल तथा स्कुटर र सो सम्वन्धी पार्टहरु विक्री गर्ने पसल | | | ५,०००।- |
| १/४ क | बैट्रीबाट चल्ने रिक्सा तथा सो सम्बन्धि पार्टस वेच्ने पसल | | | २,०००।- |
| १/४ क | रिक्सा, साइकल तथा सो सम्बन्धि पार्टस वेच्ने पसल | | | १,५००।- |
| **०२.** | **विशेषज्ञ परामर्श तथा अन्य व्यवसायीक सेवा** | | | |

| | | | | |
|---|---|---|---|---|
| २/१ | चिकित्सक | | ३,०००।- | २,०००।- |
| २/२ | कविराज | | | १,०००।- |
| २/३ | इन्जीनियर | | ३,०००।- | २,०००।- |
| २/४ | कानूनी व्यवसाय | | ३,०००।- | २,०००।- |
| २/५ | लेखापरिक्षक | | ३,०००।- | २,०००।- |
| २/६ | दन्त चिकित्सक | ३,०००।- | १,५००।- | १,०००।- |
| २/७ | अनुसन्धानकर्ता तथा परामर्शदाता | ३,०००।- | २,०००।- | १,०००।- |
| २/८ | कम्प्युटर एनालिसट तथा प्रोग्रामर | ३,०००।- | १,५००।- | १,०००।- |
| २/९ | विमा ऐजेन्ट | ३,०००।- | १,५००।- | १,०००।- |
| २/१० | सर्भेयर | ३,०००।- | १,५००।- | १,०००।- |
| २/११ | अनुवादक | ३,०००।- | १,५००।- | १,०००।- |
| २/१२ | पशुचिकित्सक | | २,०००।- | १,०००।- |
| २/१३ | शेयर दलाल | ३,०००।- | २,०००।- | १,०००।- |
| २/१४ | सामान ढुवानीकर्ता तथा कम्पनी | | | २,०००।- |
| २/१५ | संस्थागत पेन्टर | १०,०००।- | ८,०००।- | ५,०००।- |
| **०३.** | **निर्माण व्यवसाय** | | | |
| ३/१ | "क" श्रेणीका निर्माण व्यवसायलाई | | | ५,०००।- |
| ३/१ | "ख" श्रेणीका निर्माण व्यवसायलाई | | | ४,०००।- |
| ३/१ | "ग" श्रेणीका निर्माण व्यवसायलाई | | | ३,०००।- |
| ३/१ | "घ" श्रेणीका निर्माण व्यवसायलाई | | | २,०००।- |
| **०५.** | **उर्जा मूलक उद्योग** | | | |
| ५/१ | जलश्रोत, वायु, सैर्यशक्ति, कोइला, प्राकृर्ति तेल, ग्यास, वायु ग्यास तथा अन्य श्रोतहरुवाट उर्चा पैदा गर्ने उद्योग व्यवसायमा | ५,०००।- | ४,०००।- | ३,०००।- |
| **०६.** | **कृषि तथा वन्यजन्य उद्योग** | | | |
| ६/१ | चामल तथा तेल उत्पादन गर्ने ठूलो उद्योगमा | | | ९,०००।- |
| ६/२ | चामल  तेल उत्पादन गर्ने मझौला उद्योगमा | | | ८,०००।- |
| ६/३ | चामल तथा तेल उत्पादन गर्ने सानो उद्योग | | | ५,०००।- |
| ६/४ | प्लाइउड उद्योग | | | ९,०००।- |
| ६/५ | स-मिल काष्ट उद्योग | | ४,५००।- | ३,५००।- |
| ६/६ | भेनियर | | | २,५००।- |
| ६/७ | च्यूरा मूढी उद्योग घरेलु तथा साना उद्योग | | | ४,५००।- |
| ६/८ | च्यूरा उद्योग घरेलु तथा साना उद्योग | | | ३,०००।- |
| ६/९ | मूढी उद्योग घरेलु तथा साना उद्योग | | | ३,०००।- |
| ६/१० | कुटानी, पिसानी, पेलानी मिल घरेलु तथा साना उद्योग | | | २,५००।- |
| ६/११ | कुटानी, पिसानी मिल घरेलु तथा साना उद्योग | | | १,५००।- |
| ६/१२ | च्युरा कुट्ने मिल घरेलु तथा साना उद्योग | | | १,५००।- |
| ६/१३ | मसाला, दाल घरेलु तथा साना उद्योग | | २,०००। | १,०००।- |
| ६/१४ | चिजबल तथा स्न्याक्स उत्पादन गर्ने घरेलु तथा साना उद्योग | | | १,०००।- |
| ६/१५ | जुस उत्पादन घरेलु तथा साना उद्योग | | २,०००। | १,०००।- |
| ६/१६ | काँपी घरेलु तथा साना उद्योग | | २,०००। | १,०००।- |
| ६/१७ | डेरी घरेलु तथा साना उद्योग | | | १,०००।- |
| ६/१८ | पशुपालन उद्योग | | | २,०००।- |
| ६/१९ | कुखरा पालन (पोल्ट्री फर्म) उद्योग | | | १,०००।- |
| **०७.** | **खनिज उद्योग** | | | |
| ०१. | खनिज उत्खन्न वा प्रशोधन गर्ने उद्योग व्यवसायमा | ९,०००।- | ७,०००।- | ५,०००।- |
| **०८.** | **पर्यटन उद्योग** | | | |
| ०१. | अथिति सदन, सेवा सदन (आवाश,बिबाह कार्यक्रम गर्ने व्यवस्था भएका) | | | ५,०००।- |
| ०५. | होटल, रेष्टुरेन्ट लंज | ५,०००।- | ३,०००।- | २,०००।- |

| | | | | |
|---|---|---|---|---|
| ०६. | लंज | | २,०००।- | १,५००।- |
| **०९.** | **सेवा उद्योग** | | | |
| ९/१ | अपसेट प्रेस फल्याक्स प्रिन्ट समेत भएकालाई | | | ३,५००।- |
| ९/१ | अपसेट प्रेस भएकालाई | | | २,५००।- |
| ९/१ | ट्रेडल मसिन भएकालाई | | | १,५००।- |
| ९/१ | ट्रेडल मसिन भएकालाई | | | २,०००।- |
| ९/१ | स्क्रीन प्रिन्ट तथा स्टयाम्प वनाउने लाई | | | ८००।- |
| ९/१ | डिजीटल फोटो कलर ल्याव | | | ६,०००।- |
| ९/१ | फोटो स्टुडियो,भिडियो ग्राफि,मिक्सीङ्ग ल्याभ समेत | | | १,०००।- |
| ९/१ | चलचित्र घरमा | | | २,५००।- |
| ९/१ | जादु, सर्कस, थिएटर, संगित तथा मनोरंजनहल प्रति दिन | | | ५००।- |
| ९/१ | वैण्डवाजा | | १,०००।- | ७००।- |
| ९/१ | टेन्ट हाउस र विजुली डेकोरेशन | | २,०००।- | १,०००।- |
| ९/१ | जिप, कार, मिनीवस, माइक्रो, टेम्पो, म्याजीक, मिनी पिकअप १ सम्म राखि व्यवसाय गर्ने | | | १,०००।- |
| ९/१ | ट्रक, वस, टयांकलरी, रोड रोलर, टिपर १ सम्म राखि व्यवसाय गर्ने | | | २,०००।- |
| **१०.** | **निर्माण उद्योग** | | | |
| १०/१ | सडक, पुल, रोपवे, ट्रलीवस, टनेल, फल्याईङ्ग वृज तथा औद्योगीक, व्यापारीक एवं आवास कम्पलेक्स आदि निर्माण गरी संचालन गर्ने उद्योग व्यवसायहरुमा :-<br>क. वर्ग रु. १०,०००।-<br>ख. वर्ग रु. ७,०००।-<br>ग. वर्ग रु. ५,०००।-<br>घ. वर्ग रु. ३,०००।- | | | |
| **११.** | **संचार सेवा :-** | | | |
| ११/१ | संचार कम्पनीले मोवाईल टावर राखि सेवा संचालन गर्दा प्रति टाबरमा | | | ३,०००।- |
| ११/२ | मोवाईल कम्पनीको कार्यालयलाई | १०,०००।- | ८,०००।- | ५,०००।- |
| ११/२ | स्थानीय एफ.एम. रेडियो संचालनमा | | | १,५००।- |
| ११/२ | टेलिफोन, फ्याक्स, फोटोकपी, लेमिनेशन, स्पाइरल वाइण्डीङ्ग | | | ८००।- |
| ११/२ | इन्टरनेट, इमेल समेत भएका (साइवर क्याफे) | | | ५००।- |
| ११/२ | इन्टरनेट सर्भिस प्रोभाइडरलाई | | | ३,०००।- |
| ११/३ | कुरियर सेवा | | | ५००।- |
| ११/४ | छपाई तथा प्रकाशन (पत्र पत्रिका) | | | ५००।- |
| ११/५ | मोवाईल बिक्री तथा मरम्मत गर्ने पसल | | २,५००।- | २,०००।- |
| ११/६ | मोवाईल मरम्मत गर्ने पसल | | | १,५००।- |
| ११/७ | मोवाईलको सिम तथा रिचार्य बिक्री गर्ने | | | २,०००।- |
| **१२.** | **वित्तीय सेवा :-** | | | |
| १२/१ | नेपाल सरकारको स्वामित्व नरहेका वाणिज्य बैंक | | | ७,०००।- |
| १२/३ | आर्थिक कारोवार गर्ने वित्तिय कम्पनीको शाखा कार्यालयमा | | | ५,०००।- |
| १२/४ | बीमा कम्पनीको कारोबारमा | | | ५,०००।- |
| १२/४ | ऋण तथा बचत सहकारीमा | | | ५,०००।- |
| १२/४ | कृषि सहकारीमा | | | १,०००।- |
| १२/४ | मनि ट्रान्सफर ट्रान्सफर कारोबारमा | | | ३,०००।- |
| १२/५ | विदेशी मुद्रा सटही | | | १,०००।- |
| **१३.** | **स्वास्थ्य सेवा :-** | | | |
| १३/२ | नर्सिङ्ग होम तथा अस्पताल सरकारी बाहेक | | | ५,०००।- |
| १३/३ | क्लीनिक तथा ल्याव (एक्सरे समेत) | | | ३,०००।- |
| १३/३ | दिशा, पिसाव, विर्य र रगत आदी जाच्ने ल्यावमा | | १,५००। | १,०००।- |

| | | | | |
|---|---|---|---|---|
| १३/३ | क्लीनिक (दन्त क्लीनिक समेत) | | | २,०००।- |
| १३/३ | एक्सरे अल्ट्रासाउण्ड | | | १,५००।- |
| १३/३ | सादा एक्सरे | | | १,०००।- |
| **१४.** | **शिक्षा सेवा :-** | | | |
| १४/१ | प्रा.वि. स्तरका निजी विद्यालय | | | ५००।- |
| १४/१ | नि.मा.वि. स्तरका निजी विद्यालय | | | ८००।- |
| १४/१ | मा.वि. स्तरका निजी विद्यालय | | | १,०००।- |
| १४/१ | उच्च मा.वि. र क्याम्पस निजी स्तरका | | | ३,०००।- |
| १४/१ | सिभिल इन्जिनियर, ओभरसियर निजी स्तरका | | | २,५००।- |
| १४/२ | सव-ओ.सि.,अमिन,अनमी, अहेव. आदी निजी स्तरका | | | २,५००।- |
| १४/२ | स्टाप नर्स आदि निजी स्तरको | | | ५,०००।- |
| १४/२ | ड्राईभिङ्ग प्रशिक्षण केन्द्र | | | १,०००।- |
| १४/२ | कम्प्यूटर, भाषा प्रशिक्षण केन्द्र | | | १,०००।- |
| **१५.** | **मर्मत संभार सेवा :-** | | | |
| १५/१ | हेभि इक्वीपमेन्ट बस, ट्रक, कार, ट्रयाक्टर मर्मत गर्ने | | | २,५००।- |
| १५/१ | मोटरसाइकल,टेम्पो आदि मर्मत गर्ने पसललाई | | | १,०००।- |
| १५/१ | गाडीका पम्प मेसिन द्वारा मर्मत सर्भिसङ्ग गर्नेलाई | | | १,०००।- |
| १५/१ | पम्पिङ्ग सेट, मोटर, पंखा आदि मर्मत गर्ने | | | १,०००।- |
| १५/१ | टि.भि.,रेडियो,घडी,टेलिफोन,फ्रिज,पंखा,पानी तान्ने मोटर लगायत विद्युतिय सामान मर्मत तथा सो सम्बन्धि स्पेयर पार्टस बिक्री गर्ने समेत | | | २,०००।- |
| १५/१ | टि.भि., रेडियो, घडी, टेलिफोन, फ्रिज, पंखा, पानी तान्ने मोटर तथा विद्युतिय सामान मर्मत गर्ने | | | १,०००।- |
| **१६.** | **अन्य सेवा :-** | | | |
| १६/१ | नर्सरी (फलफूलका विरुवा विक्री वितरण गर्ने) | | | १,०००।- |
| १६/१ | ब्युटी पार्लर | | | १,०००।- |
| १६/१ | खसी, सुगुर, वंगुर रागा काटि मासु वेच्ने पसल | | | १,०००।- |
| १६/१ | कुखराको मासु वेच्ने पसल | | | ७००।- |
| १६/१ | भाडा वर्तन पसल | | २,०००।- | १,०००।- |
| १६/१ | स्टील दराज (बाकस तथा ड्रम बनाउने समेत) तयार गरी विक्री वितरण गर्ने उद्योगमा | | | ३,०००।- |
| १६/१ | काठको फर्निचर तयार गरी विक्री वितरण गर्ने उद्योगमा | | २,५००।- | १,५००।- |
| १६/१ | स्टील फर्निचर (कार्पेट आदी) अन्य तिरवाट ल्याइ बिक्री गर्ने | | | २,५००।- |
| १६/१ | स्टील फर्निचर उत्पादन गर्ने उद्योगमा | | | २,५००।- |
| १६/१ | लुगा सिलाई सम्बन्धि सामान वेच्ने पसल | | | १,०००।- |
| १६/१ | गिफ्ट उपहार वेच्ने पसल | | | १,०००।- |
| १६/१ | सजाबट तथा अन्य सामान वेच्ने पसल | | | १,०००।- |
| १६/१ | केवूल, नेटवर्किङ्ग | | | ५,०००।- |
| १६/१ | माछा पसल | | | ५००।- |
| **१७.** | **अन्य व्यवसाय :-** | | | |
| १७/१ | ईटा उद्योग | | | ७,०००।- |
| १७/१ | सिमेन्ट क्रंक्रिट इटा, खांमा भेन्टीलेसन टायल उद्योग | | | २,०००।- |
| १७/१ | क्रंक्रिट हयूम पाईप, तथा सिमेन्ट पोल बनाउने उद्योग | | | १०,०००।- |
| १७/१ | टिनको वाक्स, ड्रम, ट्रंक तथा दराज बनाउने उद्योग | | | ३,०००।- |
| १७/१ | इन्जीनियरीगं तथा मेकानीकल वर्क संप (ट्रयाक्टरको ट्रली,थ्रेसर बनाउने कार्य समेत) | | १०,०००।- | ७,०००।- |
| १७/१ | अगरवती उद्योग | | | २,०००।- |
| १७/१ | ग्रिल, सटर बनाउने उद्योग | | | २,०००।- |
| १७/१ | दालमोट, भुजिया, पापड उद्योग | | | २,०००।- |

| | | | | |
|---|---|---|---|---|
| १७/१ | मनिहरा,श्रृगांरका साथै अन्य जेनरल सामान विक्री गर्ने | | २,०००।- | १,०००।- |
| १७/१ | मनिहरा वा श्रृगांर पसल | | १,०००।- | ८००।- |
| १७/१ | पान पसल तथा छुट्टा पान  विक्री गर्ने समेत | | १,०००।- | ८००।- |
| १७/१ | फलपूल,तरीकार पसल स्थायी रुपमा ठेडामा विक्री गर्ने | | १,०००।- | ८००।- |
| १७/१ | जुता चप्पलको थोक विक्रेता | | | ३,०००।- |
| १७/१ | जुता चप्पल वनाएर वेच्ने पसल | | | १,०००।- |
| १७/१ | जुता चप्पल पसल | | २,०००।- | १,५००।- |
| १७/१ | स्टेस्नरी तथा पुस्तक पसल | | २,०००।- | १,५००।- |
| १७/१ | चस्मा  विक्री पसल | | २,०००।- | १,०००।- |
| १७/१ | चिया, नास्ता पसल | | १,०००।- | ८००।- |
| १७/१ | होटल (खाना मात्र खुवाउने) | | | १,०००।- |
| १७/१ | होटल (खाना, नास्ता खुवाउने) | | | १,०००।- |
| १७/१ | विभिन्न किसिमका मिठाई चाट तथा चिया नास्ता पसल | | २,५००।- | २,०००।- |
| १७/१ | विभिन्न किसिमका खाजा नास्ता चिया पसल ठेलामा वेच्ने समेत | | १,०००।- | ७००।- |
| १७/१ | अण्डाको थोक विक्रेता | | | १,०००।- |
| १७/१ | अण्डा वेच्ने पसल | | | ५००।- |
| १७/१ | व्याग वनाएर वेच्ने पसल | | | १,०००।- |
| १७/१ | सबारी साधनको वडी वनाउने | | | ७,०००।- |
| १७/१ | सवारी साधनको डेन्टिङ्ग, पेन्टीङ्ग गर्ने | | | २,०००।- |
| १७/१ | टायर रिसोलिङ्ग | | | १,५००।- |
| १७/१ | टायर, टयुव मर्मत तथा हावा भर्ने | | | १,०००।- |
| १७/१ | ग्यास वेल्डिङ्ग र रेडिवाटर मर्मत समेत गर्नेलाई | | | १,०००।- |
| १७/१ | व्याट्री मर्मत तथा इलेक्ट्रीक मेसिन राखि व्याट्री चार्ज लगायत अन्य काम गर्ने | | | १,०००।- |
| १७/१ | रिक्सा साइकल मर्मत गर्ने पसल | | | १,०००।- |
| १७/१ | सिलाई मेशिन मर्मत गर्ने | | | १,०००।- |
| १७/१ | साईन वोर्ड पेन्ट, वालपेन्ट, होर्डिङ्ग वोर्ड, नम्वर प्लेट  लेख्ने ( कम्प्यूटर प्रविधिवाट स्टाम्प बनाउने समेत) | | १,५००।- | १,०००।- |
| १७/१ | वरफ उद्योग (आइसक्रिम उत्पादन गर्ने समेत) | | | १,०००।- |
| १७/१ | हेयर कटिङ्ग गर्ने (ठूलो) | | | १,०००।- |
| १७/१ | हेयर कटिङ्ग गर्ने (सानो) | | | ७००।- |
| १७/१ | पाउरोटी उद्योग | | | १,०००।- |
| १७/१ | कवारी (ठूलो) | | | ३,०००।- |
| १७/१ | कवारी (सानो) | | | २,०००।- |
| १७/१ | टेलरिङ्ग सेवा (ठूलो) | | | २,०००।- |
| १७/१ | टेलरिङ्ग सेवा (सानो) | | | १,०००।- |
| १७/१ | मिल मेसनरी सामान तथा पार्ट पुर्जा (स्पेयर पार्टस) | | | २,०००।- |
| १७/१ | सवारी साधानको स्पेयर पार्टस (लुब्रिकेन्ट समेत)  बिक्रि गर्ने | | | ३,५००।- |
| १७/१ | सवारी साधानको टायर, टयुब (लुब्रिकेन्ट समेत) बिक्रि गर्ने | | | ३,५००।- |
| १७/१ | आलु, प्याजको थोक विक्रेता ( गद्दी) | | | २,५००।- |
| १७/१ | खुर्सानी, लसुन हर्दि थोक विक्रेता | | | २,५००।- |
| १८. | खुर्सानी, लसुन, हर्दि,जिरा,धनीयाँ लगायत अन्य मसाला सामानको थोक विक्रेता | | | २,५००।- |
| १९ | औषधी पसल (थोक विक्रेता) | | ४,०००।- | ३,०००।- |
| २०. | औषधी पसल | २,०००।- | १,५००।- | १,०००।- |
| २१. | पशु औषधी पसल (थोक विक्रेता) | | २,०००।- | १,५००।- |
| २२. | पशु औषधी पसल | | १,५००।- | १,०००।- |
| २३. | पान पसल मनिहरा समेत | १,०००।- | ७००।- | ५००।- |
| २४. | मल खाद, विउ विजन एवं किटनाशंक | २,०००।- | १,५००।- | १,०००।- |

| | | | | |
|---|---|---|---|---|
| २५. | मैनवती उद्योग | | | १,०००।- |
| २६. | सर्फ उद्योग | | | ५,०००।- |
| २७. | सावुन उद्योग | | | ५,०००।- |
| २८. | पानी उद्योग | | | १,०००।- |
| २९. | फलाम पिटी कृषि तथा घरेलु औजार तयार गरी बिक्री गर्ने पसल | | | ७००।- |
| ३०. | उद्योग तथा कम्पनीको एजेन्सी (अधिकृत बिक्रेता) कारोवार गर्ने | | ५,०००।- | ४,०००।- |
| ३१. | किचेन सम्वन्धी (ग्यास बिक्री समेत) पसल | ३,०००।- | २,५००।- | २,०००।- |
| ३१. | माथिको वर्गीकरणको समावेश नभएका सेवा, व्यवसायको कारोवार र स्तर हेरी वार्षिक रु. ५००।- देखि ५,०००।- सम्म कर । | | | |

**द्रष्टव्य** :-

(क) समयमा प्रमाण-पत्र लिन वा नविकरण गर्न नआएमा प्रति सैकडा १% का दरले प्रति महिना जरीवाना लाग्ने र पुरानो बाँकी बक्यौता रकम बुझाउनेलाई तथा कारोबार बन्द गरी बाँकी बक्यौता रहेका व्यक्तिलाई समेत कारोबार तथा स्तर हेरी प्रमुखले आफनो तजबिजले जरिबाना तथा व्यवसाय कर छुट दिन सक्ने छ ।

**सवारी करको दररेट :-**

**०१. सवारी दर्ता तथा वार्षिक सवारी कर :-**

| सि.नं. | सवारीको किसिम | बार्षिक सवारी करको दररेट |
|---|---|---|
| ०१. | दर्ता तथा इजाजत शुल्क | ५०।- |
| ०२. | नामसारी शुल्क | ५०।- |
| ०३. | सवारी दर्ता प्रमाण-पत्र शुल्क | ५०।- |
| ०४. | बस, ट्रक, लरी र अन्य हेभि गाडी | ३,०००।- |
| ०५. | भाडाको कार जिप | ५००।- |
| ०६. | भाडाका टेम्पु | ३००।- |
| ०७. | भाडाका मिनी वस र ट्रक | १,०००।- |
| ०८. | निजी जिप, कार, टेम्पु, मिनी वस, मिनी ट्रक र पिंक्प | ३००।- |
| ०९. | स्कुटर र मोटर साईकल | ५०।- |

**०२. पटके सवारी कर :-**

| सि.नं. | सवारीको किसिम | पटके सवारीको दर | |
|---|---|---|---|
| | | नेपाली नं. | भारतीय नं. |
| ०१. | ट्रान्सप्रोटर तथा १० चक्का माथीका ट्रक, ट्रिपर, टंकलरीमा | ५०।- | ३००।- |
| ०२. | ६ चक्का देखि १० चक्का सम्मका ट्रक, ट्रिपर, टंकलरीमा | ५०।- | २००।- |
| ०३. | बस, ट्रक र टंकलरी | ३०।- | १००।- |
| ०४. | मिनी बस तथा मिनि ट्रक | २०।- | १००।- |
| ०५. | ट्रयाक्टर | २५।- | ६०।- |
| ०६. | जिप, कार, मारुती भाडाको | २०।- | १००।- |
| ०७. | जिप, कार मारुती निजी | ०।०० | ५०।- |
| ०८. | टेम्पो, म्याजिक, माईक्रो र पिकअप | २०।- | ५०।- |

**रिक्सा ठेला दर्ता तथा नामसारी नविकरण तथा इजाजत शुल्क :-**

| सि.नं. | विवरण | रकम रु. | कैफियत |
|---|---|---|---|
| ०१. | दर्ता तथा इजाजत शुल्क | ५०।- | |
| ०२. | नामसारी शुल्क | १००।- | |
| ०३. | सवारी दर्ता प्रमाण-पत्र शुल्क | ५०।- | |
| ०४. | सवारी कर ( प्रति वर्ष ) | २५।- | |
| ०५. | नविकरण शुल्क प्रति वर्ष | २५।- | |
| ०६. | म्याद गुज्री दर्ता (नम्वर लिन) नामसारी वा नविकरण गराउन आउदा प्रति वर्ष | २५।- | |

## एकीकृत सम्पत्तिकर

| क्र.सं. | मूल्याँकन रकम | | | | लाग्ने कर रकम |
|---|---|---|---|---|---|
| १ | १ | देखि | २ लाख ५० हजार | सम्म | ५०।- |
| २ | २ लाख ५० हजार १ | देखि | ५ लाख | सम्म | ७५।- |
| ३ | ५ लाख १ | देखि | ७ लाख ५० हजार | सम्म | १२५।- |
| ४ | ७ लाख ५० हजार १ | देखि | १० लाख | सम्म | २००।- |
| ५ | १० लाख १ | देखि | १२ लाख ५० हजार | सम्म | २५०।- |
| ६ | १२ लाख ५० हजार १ | देखि | १५ लाख | सम्म | ३००।- |
| ७ | १५ लाख १ | देखि | १७ लाख ५० हजार | सम्म | ३५०।- |
| ८ | १७ लाख ५० हजार १ | देखि | २० लाख | सम्म | ४००।- |
| ९ | २० लाख १ | देखि | २२ लाख ५० हजार | सम्म | ५००।- |
| १० | २२ लाख ५० हजार १ | देखि | २५ लाख | सम्म | ६७०।- |
| ११ | २५ लाख १ | देखि | २७ लाख ५० हजार | सम्म | ८४०।- |
| १२ | २७ लाख ५० हजार १ | देखि | ३० लाख | सम्म | १,०००।- |
| १३ | ३० लाख १ | देखि | ३५ लाख | सम्म | १,२००।- |
| १४ | ३५ लाख १ | देखि | ४० लाख | सम्म | १,८००।- |
| १५ | ४० लाख १ | देखि | ४५ लाख | सम्म | २,४००।- |
| १६ | ४५ लाख १ | देखि | ५० लाख | सम्म | ३,०००।- |
| १७ | ५० लाख १ | देखि | ६० लाख | सम्म | ३,५००।- |
| १८ | ६० लाख १ | देखि | ७० लाख | सम्म | ५,१२५।- |
| १९ | ७० लाख १ | देखि | ८० लाख | सम्म | ६,७५०।- |
| २० | ८० लाख १ | देखि | ९० लाख | सम्म | ८,३७५।- |
| २१ | ९० लाख १ | देखि | १ करोड | सम्म | १०,०००।- |
| २२ | १ करोड १ | देखि | १ करोड २० लाख | सम्म | १२,०००।- |
| २३ | १ करोड २० लाख १ | देखि | १ करोड ४० लाख | सम्म | १४,०००।- |
| २४ | १ करोड ४० लाख १ | देखि | १ करोड ६० लाख | सम्म | १६,०००।- |
| २५ | १ करोड ६० लाख १ | देखि | १ करोड ८० लाख | सम्म | १८,०००।- |
| २६ | १ करोड ८० लाख १ | देखि | २ करोड | सम्म | २०,०००।- |
| २७ | २ करोड १ | देखि | २ करोड ५० लाख | सम्म | २५,०००।- |
| २८ | २ करोड ५० लाख १ | देखि | ३ करोड | सम्म | ३२,०००।- |
| २९ | ३ करोड १ | देखि | ३ करोड ५० लाख | सम्म | ३९,०००।- |
| ३० | ३ करोड ५० लाख १ | देखि | ४ करोड | सम्म | ४६,०००।- |
| ३१ | ४ करोड १ | देखि | ४ करोड ५० लाख | सम्म | ५३,०००।- |
| ३२ | ४ करोड ५० लाख १ | देखि | ५ करोड | सम्म | ६०,०००।- |
| ३३ | ५ करोड १ | देखि | माथिको मूल्याँकनमा | | प्रतिहजार रु. २ थप |

## बाहाल विटौरी जग्गा शुल्क

| सि.नं. | विवरण | रकम रु. | कैफियत |
|---|---|---|---|
| ०१. | विशिष्ट श्रेणीको जग्गामा प्रतिवर्ग फिट | १।- | |
| ०२. | पहिला श्रेणीको जग्गामा प्रति विगहा | १,२००।- | |
| ०३. | दोश्रो श्रेणीको जग्गामा प्रति विगहा | १,०००।- | |
| ०४. | तेश्रो श्रेणीको जग्गामा प्रति विगहा | ८००।- | |

**द्रष्टव्य** :- न्यून्तम शुल्क रु. ५।-

## खसी वाखाहाट सेवा शुल्क

| सि.नं. | विवरण | रकम रु. | कैफियत |
|---|---|---|---|
| ०१. | खसी, वाखा, वोका, पाठा, पाठी प्रति थान विक्रेतावाट | ३०।- | |
| ०२. | खसी, वाखा, वोका, पाठा, पाठी प्रति थान क्रेतावाट | ३०।- | |

# हाट वजार (गुदरी) सेवा शुल्क

| सि.नं. | विवरण | रुपैया |
|---|---|---|
| ०१ | अम्लीसोको कुचो तथा राडी खरको कुचो वेच्ने वाट लिने प्रति सैकडा | २५।- |
| ०२ | आलु मन एकको वेचने संग लिने | १०।- |
| ०३ | लिचि वजारमा वेच्ने वाट लिने प्रति सैकडा | ५।- |
| ०४ | कलमी आँप वेच्ने वाट लिने प्रति मन | २०।- |
| ०५ | सरही आँप वेच्ने वाट लिने प्रति मन | १५।- |
| ०६ | परेवा प्रति जोडा वेच्ने वाट लिने | १०।- |
| ०७ | कुखुरा प्रति थान वेच्ने वाट लिने | १०।- |
| ०८ | फुटपाथमा कठँजा राख्ने सँग लिने प्रति बैठकी (बढीमा ५० बर्ग फिट) प्रति दिन | ७५।- |
| ०९ | भोर्लाको पात ठे.वाट किन्ने व्यापारी सँग लिने प्रति भाडी | ५।- |
| १० | फुटपाथमा चुडा तथा लहठी पसल गर्ने सँग लिने पसल एकको | १५।- |
| ११ | फुटपाथमा चामल, च्युरा वेच्ने वाट लिने प्रति ढक्की | ५।- |
| १२ | घानको ढुटो (भुषा गुन्डा) मन एकको वेच्नेवाट | १०।- |
| १३ | फुटपाथमा वसी टर्च, लाइट र स्टोव, जुता, छाता मरम्मत तथा चुरा, (चुडी) ढक्कीमा तेल र पिना, कँकट, तमाखु, वाँसको ढक्की, समेत वेच्ने वाट लिने प्रति दिन | २०।- |
| १४ | सुर्ति राम्रो, सुकेको खुर्सानी, सुकेको हर्दि (वेसार) पसल थापी वेच्ने वाट लिने प्रति मन | १५।- |
| १५ | फुटपाथमा सुर्ति डांट,काँचो हर्दि अथवा शखरखण्ड, पसल थापी वेच्ने वाट लिने प्रति मन | १०।- |
| १६ | विभिन्न साग सव्जी, कटहर,काँक्रा,तरबुजा, खरबुजा आदी साईकलमा ल्याई वेचनेवाट लिने | १०।- |
| १७ | विभिन्न साग सव्जी,कटहर,काँक्रा,तरबुजा,खरबुजा आदी मोटर साईकलमा ल्याई वेचनेवाट लिने | १५।- |
| १८ | विभिन्न साग सव्जी, कटहर, काँक्रा, तरबुजा, खरबुजा आदी रिक्सा टेलामा ल्याई वेचनेवाट लने | २५।- |
| १९ | विभिन्न साग सव्जी,कटहर,काँक्रा,तरबुजा, खरबुजा आदी गोरु गाडामा ल्याई वेचनेवाट लिने | ५०।- |
| २० | विभिन्न साग सव्जी,कटहर,काँक्रा,तरबुजा,खरबुजा आदी टायर गाडामा ल्याई वेचनेवाट लिने | ७५।- |
| २१ | विभिन्न साग सव्जी, कटहर, काँक्रा,तरबुजा, खरबुजा आदी ट्र्याक्टरमा ल्याई वेचनेवाट लिने | १५०।- |
| २२ | विभिन्न साग सव्जी, कटहर, काँक्रा, तरबुजा, खरबुजा आदी ट्रकमा ल्याई वेचनेवाट लिन | २५०।- |
| २३ | विभिन्न साग सव्जी, कटहर, काँक्रा,तरबुजा,खरबुजा आदी प्रति भंङ्गामा ल्याई वेचनेवाट लिन | १५।- |
| २४ | विभिन्न साग सव्जी,कटहर,काँक्रा,तरबुजा,खरबुजा आदी प्रति वोरामा ल्याई वेचनेवाट लिन | १०।- |
| २५ | विभिन्न साग सव्जी,कटहर,काँक्रा,तरबुजा,खरबुजा आदी प्रति ढक्कीमा ल्याई वेचनेवाट लिन | ५।- |
| २६ | दर्ता भएको ठेलामा फलफुल, तरकारी, चिया, नास्ता,भुजा,अण्डा विक्रि गर्ने सँग लिने प्रति दिन | २५।- |
| २७ | दर्ता नभएको ठेलामा फलफुल,तरकारी,चिया,नास्ता,भुजा,अण्डा विक्रि गर्ने सँग लिने प्रति दिन | ५०।- |
| २८ | जुता चप्पल बिक्री गर्ने संग प्रति बैठकी (बढीमा ३० बर्ग फिट) प्रति दिन लिने | २५।- |
| २९ | गुँड, (शखर) अथवा कँकट तमाखु वेच्ने वाट लिने प्रति मन | २०।- |
| ३० | फुटपाथमा रहने हलुवाई, चक्कु, हँसीया,खुर्पि,खुम्चा,जाँतो सिलौटो पसल एकको प्रति दिन लिने | १५।- |
| ३१ | न.पा.मातहतको टहरो न.पा.ले वहालमा नदिई उपलब्ध गराएको सार्वजनिक स्थानमा गन्जी, गम्छा, तथा तयारी लुगा वेच्ने पसल एकको लिने प्रति दिन | ५०।- |
| ३२ | हटिया र फुटपाथमा विक्रि हुने नाग्लो थान-१ | ५।- |
| ३३ | फुटपाथमा माटोको भाँडा राखि वेच्ने पसल (बढीमा ५० बर्ग फिट) को लिने प्रति दिन | २५।- |
| ३४ | फुटपाथमा रहेको टहरो सानो पसल,कपाल,दाह्री, काटने पसल एकको लिने प्रति दिन | १०।- |
| ३५ | खेल चटक, तमासा इत्यादी गर्ने जडी वुटि तथा सो सरहको सामान (माइक नराखि) वेच्ने वाट लिने प्रति दिन | १०।- |
| ३६ | सार्वजनिक जग्गामा कांटा राखि गल्ला खरीद विक्रि गर्ने सँग लिने प्रति दिन | ५०।- |
| ३७ | न.पा.क्षेत्रमा माइक राखि प्रचार प्रसार गर्ने जडीवुटी वेच्ने पसल सँग लिने प्रति दिन | ५०।- |
| ३८ | पाटको डोरी सिक अथवा सावेको डोरी वेच्ने पसल एकको प्रति | ५।- |
| ३९ | ठूलो माछा ठूलो पसल एकको प्रति दिन | १००।- |
| ४० | ठूलो माछा सानो पसल एकको प्रति दिन | ५०।- |
| ४१ | अन्य जंगली माछा घुगी, सितुवा पसल एकको (पसल हेरी) वढीमा प्रति दिन | २५।- |
| ४२ | ठूलो माछा विक्री गर्ने व्यापारी संग लिने प्रति मन | २००।- |
| ४३ | सिध्रा माछा थोक विक्रि गर्ने वाट लिने प्रति मन | ३००।- |

| | | |
|---|---|---|
| ४४ | सिधा माछा ठूलो विक्रि गर्ने वाट लिने प्रति दिन | ३०।- |
| ४५ | सिधा माछा सानो खाले विक्रि गर्ने वाट लिने प्रति दिन | २०।- |
| ४६ | रांगा काटि मासु वेच्ने वाट लिने प्रति गोटा | ५०।- |
| ४७ | खसी काटी वा वाहिरवाट काटी ल्याई विक्री गर्नेवाट लिने प्रति गोटा | २५।- |
| ४८ | सुँगुर जिवित वा काटेर अथवा घरैवाट काटेर ल्याई मासु वेच्ने वाट लिने प्रति गोटा | २५।- |
| ४९ | वाँस वति प्रति गाडा वेच्नेवाट लिने | २५।- |
| ५० | जंगली वाँस ( कोरो) टाउंकोमा बोकी ल्याई विक्री गर्ने संग लिने | १०।- |
| ५१ | जंगली वति टाउंकोमा बोकी ल्याई विक्री गर्ने संग लिने | ५।- |
| ५२ | दाउरा साईकलमा वोकी ल्याउने सँग लिने प्रति साईकल | ७।- |
| ५३ | दाउरा टाउकोमा वोकी ल्याउने सँग लिने प्रति वोझा | ५।- |
| ५४ | प्याजको विउ प्रति ढकी विक्रि गर्ने सँग लिने | ५।- |
| ५५ | प्याजको विउ प्रति वोरा विक्रि गर्ने सँग लिने | १०।- |
| ५६ | केरा घरी-१ को | १०।- |
| ५७ | मसाला सामान बिक्री गर्ने संग प्रति बैठकी (बढीमा ३० बर्ग फिट) प्रति दिन लिने | ५०।- |
| ५८ | बिभिन्न तरकारी बिक्री गर्ने संग प्रति बैठकी (बढीमा ३० बर्ग फिट) प्रति दिन लिने | ३०।- |
| ५९ | चामल,च्युरा,पिठो आदी बिक्री गर्ने संग प्रति बैठकी (बढीमा ३० बर्ग फिट) प्रति दिन लिने | ३०।- |
| ६० | गुन्दरी,पटीया आदी बिक्री गर्ने संग प्रति बैठकी (बढीमा ५० बर्ग फिट) प्रति दिन लिने | १००।- |
| ६१ | फलफुल बिक्री गर्ने संग प्रति बैठकी (बढीमा ३० बर्ग फिट) प्रति दिन लिने | ४०।- |
| ६२ | चौकीमा राखि नाक, कान आदी सामान बिक्रि गर्ने तथा नाक कान छिर्ने संग लिने | ५०।- |
| ६३ | चौकीमा राखि दालमुट, भुजिया आदी बिक्री गर्ने संग लिने | ५०।- |
| ६४ | अदुवा बिक्री गर्ने संग लिने प्रति मन | २०।- |
| ६५ | साडी बिक्री गर्ने संग प्रति बैठकी (बढीमा ४० बर्ग फिट) प्रति दिन लिन | ५०।- |

**द्रष्टव्य** :-

(क) गुदरी हाट सेवा शुल्क दस्तुरमा न.पा.को मातहतमा रहेको नम्वरी वा सार्वजनिक जग्गामा किन वेच गर्ने वाहेक आफनो पसल घर वा भाडा घरमा किन वेच गर्दा कुनै प्रकारको सेवा शुल्क असुल गर्न पाइने छैन ।

(ख) उपरोक्त दररेटमा लेख्न छुट भएको पहाडी जडीवुटी इत्यादी मन एकको वढीमा रु २०।- र गिन्ती हुने वस्तुको प्रति सैकडा रु.१०।- सम्म ठेकेदारको वास्तविक तजविजले हेरी असुल गर्ने र न.पा. वाट नयाँ हटियामा निर्माण भएका पक्की घरमा भाडा तिरी पसल गर्नेहरु सँग उक्त शुल्क लिने छैन

(ग) नगरपालिकाले तोकी दिएको ऐलानी जग्गामा न.पा.को स्वीकृती लिई राखेको पसलमा दैनिक शुल्क असुल गर्न पाइने छैन ।

(घ) पहाडवाट आउने जडीवुटीहरु लहान वजारमा ढाक्रेहरुले पुर्याउन नपाई वाटो वाटै व्यापारीहरुले वाटोमानै खरीद गरी आफनो साधन वाट ढुवानी गरी ल्याएमा सो जडी वुटिमा गुदरीहाट कर लिइने छैन । अन्यथा ढाक्रेवाट ढुवानी गराई ल्याएमा सो जडीवुटिमा गुदरी हाट सेवा शुलक लिइनेछ ।

## वैलहाट (पशु वजार) सेवा शुल्क

(क) गाई, गोरु, राँगा, घोडा र घोडीको प्रति थान विक्रेतावाट लिने रु. १००।- (एक सय)
(ख) गाई, गोरु, राँगा, घोडा, र घोडीको प्रति थान क्रेतावाट लिने रु. १००।- (एक सय)

## नदि नियन्त्रण तथा सडक मरम्मत सम्भार सेवा शुल्क

| क्र.सं. | गडीको किसिम | दररेट | | |
|---|---|---|---|---|
| | | वालुवा | ढुङ्गा | गिट्टी |
| ०१ | टायर गाडा एकको | ३०।- | ३०।- | ३०।- |
| ०२ | पावर ट्रयाक्टर तथा सानो ट्रयाक्टर एकको | ६०।- | ६०।- | ६०।- |
| ०३ | दुई पाँग्रे ट्रली भएको ट्रयाक्टर एकको | १००।- | १००।- | १००।- |
| ०४ | चार पाँग्रे ट्रली भएको ट्रयाक्टर एकको | १२५।- | १२५।- | १२५।- |
| ०५ | मिनी ट्रक एकको | १२५।- | १२५।- | १२५।- |
| ०६ | ट्रक एकको | १५०।- | १५०।- | १५०।- |
| ०७ | ६ चक्का ट्रिपर एकको | २२५।- | २२५।- | २२५।- |
| ०८ | १० चक्का ट्रिपर एकको | ४५०।- | ४५०।- | ४५०।- |

## निवेदन, शिफारिस, नक्कल तथा वोलपत्र फाराम विक्रिमा लाग्ने शुल्क

| सि.नं. | विवरण | दर | कैफियत |
|---|---|---|---|
| ०१ | निवेदनमा टिकट वापत | १०।- | |
| ०२ | नक्कल दस्तुर प्रति पाना | ३।- | |
| ०३ | मूल्याँकन दस्तुर ( अचल सम्पत्ति ) हजारमा | १।- | |
| ०४ | वोलपत्र, दरभाउ-पत्रमा ( नियमानुसार ) | | |
| ०५ | नगरिकता अभिलेख कायम गर्ने सिफारिसमा | ७५।- | |
| ०६ | गाई,गोरु,रांगाँ,भैंसी,घोडा,खसी,वाखा,भेडा,सुंगुर आदि बाहिर लैजान प्रति थान | ५०।- | |
| ०७ | जग्गा विक्रि गर्दा विक्रेता सँग सैकडा शिफारिस दस्तुर | ०।१० | |
| ०८ | वक्सपत्र पारितका लागी सिफारिस गर्दा (वाल विटौरीको जग्गा समेत) | २००।- | |
| ०९ | गांउव्लक जग्गाको लगत कायमको शिफारिस गर्दा | ५००।- | |
| १० | जग्गा नामसारी, अंशवण्डाको शिफारिसमा र गांउव्लक सहीत | ३५०।- | |
| ११ | गाउंव्लक र घरवास मिन्है जग्गा राजिनामा तथा दृष्टी बन्धकको सिफारिस (घर बाटो समेत) मा | | |
| | राजिनामा लेखतमा | ५००।- | |
| | दृष्टी बन्धक लेखतमा | ३५०।- | |
| १२ | विटौरी जग्गा नामसारी र दा.खा. गर्दा विशिष्ट श्रेणीमा रु.<br>विटौरी जग्गा नामसारी र दा.खा. गर्दा पहिला श्रेणीमा रु.<br>विटौरी जग्गा नामसारी र दा.खा. गर्दा दोश्रो श्रेणीमा रु.<br>विटौरी जग्गा नामसारी र दा.खा. गर्दा तेश्रो श्रेणीमा रु. | १,०००।-<br>८००।-<br>६००।-<br>४००।- | |
| | नगरपालिका क्षेत्र भित्रको जग्गाको घर वाटो प्रमाणीत शिफारिसमा रु. | ५००।- | |
| १३ | **विटौरी जग्गाको खरीद विक्रि शिफासि तथा दृष्टी बन्धक (घर वाटो समेत) मा देहाय वमोजिमको दस्तुर लाग्ने छ ।** | | |
| | **श्रेणी** | **राजिनामा** | **दृष्टीबन्धक** |
| | विशिष्ट श्रेणीमा | २,५००।- | १,०००।- |
| | प्रथम श्रेणीमा | २,०००।- | ८००।- |
| | द्वितीय श्रेणीमा | १,५००।- | ६००।- |
| | तृतीय श्रेणीमा | १,०००।- | ४००।- |
| १४ | जग्गाको चारकिल्ला, टेलिफोन, खानेपानी, विद्युत, शिफारिसमा | २००।- | |
| १५ | संस्था दर्ता शिफारिस | १०००।- | |
| १६ | नगर क्षेत्रका लागि चारित्रिक प्रमाण-पत्रको शिफारिसमा | ५०।- | |
| १७ | नगरक्षेत्र वाहिरका लागि चारित्रिक प्रमाण-पत्रको शिफारिसमा | २००।- | |
| १८ | थ्रि फेज लाईनको सिफारिसमा | १,०००।- | |
| १९ | **शिक्षण संस्थामा स्वीकृती तथा शिफारिसमा देहाय वमोजिम दस्तुर लाग्ने छ :-** | | |
| | (क) पुर्व प्रा.वि. स्वीकृतीमा | १,०००।- | |
| | (ख) सामुदायिक अध्ययन केन्द्रको सिफारिमा | १,०००।- | |
| | (ग) प्रा.वि.स्तर सम्मको | १,०००।- | |
| | (घ) नि.मा.वि.स्तर सम्मकोमा | २,०००।- | |
| | (ङ) मा.वि.स्तर सम्मकोमा | २,५००।- | |
| | (च) उच्च मा.वि.स्तर सम्मकोमा (प्राविधिक क्याम्पस समेत) | ५,०००।- | |
| २० | सहुलीयत दरमा ढुंङ्गा, वालुवा, गिट्टि उपलव्ध गराउने शिफारिसमा | १००।- | |
| २१ | सहुलीयत दरमा सम्वन्धित निकायमा काठ उपलव्ध गराउनका लागि प्रति क्यु.वि.फिट रु. १०।- का दरले शिफारिस दस्तुर | १०।- | |
| २२ | नाता प्रमाणित तथा अन्य प्रमाणीतमा | २००।- | |
| २३ | शहरी क्षेत्र भित्रको घडेरी जग्गामा मोही निस्कासन गर्दा प्रति कठ्ठा | १,०००।- | |
| २४ | शहरी क्षेत्र वाहिरको घडेरी जग्गामा मोही निस्कासन गर्दा प्रति कठ्ठा | ५००।- | |
| २५ | खेती योग्य जग्गामा मोही निस्कासन सम्वन्धि शिफारिस | २००।- | |
| २६ | छुट जग्गा दर्ताको शिफारिस दस्तुर प्रति कठ्ठा | ५००।- | |

| | | | |
|---|---|---|---|
| २७ | नागरिक्ता प्राप्ती तथा सो को प्रतिलिपि शिफारिसमा | ५०।- | |
| २८ | अन्य शिफारिस गर्दा (मूल्य नखुलेको भएमा) | ७५।- | |
| २९ | विटौरी जग्गा रोक्का गर्दा (नेपाल सरकार तथा अदालत वाहेक) | ५००।- | |
| ३० | रिक्सा चालक, मजदूर परिचय प्रमाण-पत्र शुल्क | ५०।- | |
| ३१ | जग्गा धनि प्र.पुर्जामा फोटो टाँसी तीनपुस्ते कायम शिफारिस | २००।- | |
| ३२ | नाँउ सन्सोधन शिफारिस | १००।- | |
| ३३ | जग्गाको भोग चलन शिफारिस | ५००।- | |
| ३४ | वहाल विटौरीको श्रेस्ता प्रमाणीत | २००।- | |
| ३५ | जन्म तथा वसोवास प्रमाणीत | १००।- | |
| ३६ | सिनो फालेको प्रति थान | ३००।- | |
| ३७ | ह्योर्डिङ्ग वोर्ड दस्तुर स्वीकृती शुल्क प्रति वर्ग फिट | ५।- | |
| ३८ | सुर्ति तथा मदिरा जन्य वस्तुको विज्ञापन होर्डिङ्ग वोर्डमा प्रति वर्ग फिट | ३५।- | |
| ३९ | अन्य वस्तुको विज्ञापनमा प्रति वर्ग फिट | ३०।- | |
| ४० | राजमार्गमा रहेको सेपरेटर पार्कको प्रति प्लेटमा विज्ञापन दस्तुर ( सूर्ति मदिरा वाहेक ) | १००।- | |
| ४१ | कुनै कारणवस क्षतिग्रस्त भएका उद्योग, कल कारखाना लाई क्षतिपूर्तिको शिफारिस गर्दा | १,५००।- | |
| ४२ | नारी शिल्पकलामा प्रति व्यक्ति लाई प्रशिक्षण दिंदाको | ३००।- | |
| ४३ | **उद्योग धन्दा नामसारीको शिफारिसमा देहाय वमोजिम दस्तुर लाग्नेछ** :-<br>(क) आधुनीक ठूलो उद्योग<br>(ख) आधुनीक मझौला उद्योग<br>(ग) आधुनीक सानो उद्योग<br>(घ) अन्य साना तथा घरेलु उद्योग | <br>५,०००।-<br>३,५००।-<br>२,०००।-<br>१,०००।- | |
| ४४ | उद्योग धन्दाको सर्जमिन मुचुलका गरी घरेलु तथा स.उ.का. तथा अन्यमा पठाउदा | १,०००।- | |
| ४५ | व्यापार व्यवसाय नामासारी दस्तुर | ५००।- | |
| ४६ | ठेक्का पट्टाको इजाजत पत्र शिफारिस दस्तुर | ५००।- | |
| ४७ | मोवाईल टावर निर्माण इजाजतमा | १,५००।- | |
| ४८ | श्रेस्तामा घर कायम गराउदा शिफारिस दस्तुर | १,०००।- | |
| ४९ | आगलागीवाट क्षति पुगेका उद्योग धन्दाका लागि काठको शिफारिसमा | ५००।- | |
| ५० | पेट्रोल पम्प स्थापनाको शिफारिस | ३,०००।- | |
| ५१ | नगरपालिकाको सभाकक्ष प्रति दिन भाडामा | ५००।- | |
| ५२ | न.पा.वाट उपलव्ध गराईने एकीकृत सम्पति कर आवेदन फारम एकको | २०।- | |
| ५३ | न.पा.वाट उपलव्ध गराईने अन्य आवेदन फारम एकको | १०।- | |
| ५४ | **धारा जडान गर्दा देहाय वमोजिम धरौटी राख्नु पर्ने छ**<br>(क) राजमार्ग सँग जोडीएको् दाँया वाँया वनको घरमा जडान गर्दा<br>(ख) न.पा.क्षेत्रको मूल वजार प्रवेश गर्ने पिच सडकको दाँयावाँया-<br>(ग) ग्रैभेल सडक -<br>(घ) कच्ची सडक -<br>(ङ) अन्य पिच सडक - | <br>७,०००।-<br>५,०००।-<br>३,०००।-<br>१,५००।-<br>४,०००।- | |

द्रष्टव्य :- न.पा.को निरीक्षण पश्चात धरौटी रकम फिर्ता दिन मनासिव देखिएमा १० प्रतिशतले कट्टा गरी वाँकी रकम फिर्ता गरीनेछ ।

## नक्सा पास दस्तुर तथा फाराम शुल्कको दररेट

| सि.नं. | विवरण | दररेट | |
|---|---|---|---|
| ०१ | R C C भूंइ तल्ला निर्माण गर्दा प्रति वर्ग फुट | ४।- | |
| | R C C प्रथम तल्ला निर्माण गर्दा प्रति वर्ग फुट | ५।- | |
| | R C C दोस्रो तल्ला निर्माण गर्दा प्रति वर्ग फुट | ६।- | |
| | R C C तेस्रो तल्ला र सो भन्दा माथि निर्माण गर्दा प्रति वर्ग फुट | ७।- | |
| ०२ | पक्की इटा, ढुँङ्गा, माटो, वाँस, टायल, टिन, खपडा, एसवेस्टस प्रयोग गरी | २।- | |

| | | | |
|---|---|---|---|
| | वनाएको घरमा प्रति वर्ग फिट | | |
| ०३ | कम्पाउडवाल प्रति रनिङ्ग फिट | ५।- | |
| ०४ | घर निर्माण सम्पन्न प्रमाण पत्रमा | १,०००।- | |
| ०५ | घर नक्सा नामसारी दस्तुर भुई तल्लामा | १,०००।- | |
| ०६ | घर नक्सा नामसारी दस्तुर दुई तल्लासम्म | २,०००।- | |
| ०७ | घर नक्सा नामसारी दस्तुर तिन तल्ला र सो भन्दा माथी | ३,०००।- | |
| ०८ | घर नक्सा निवेदन दस्तुर | २००।- | |
| ०६ | घर नक्साको प्रतिलिपिमा | ५००।- | |
| ०८ | नगरक्षेत्रमा निर्माण हुने भौतिक संरचनाको लेआउट न.पा.को प्राविधिकवाट गराउनु पर्नेछ र सो वापत भौतिक संरचनाले ओगटने जग्गाको क्षेत्रफलमा भवनको प्रति वर्ग फिट | २।- | |

**द्रष्टव्य** :- १. यस कार्यालयमा दर्ता नभएका व्यक्ति वा फर्मवाट तयार पारिएका नक्सा पेश भएमा रु. ०.५० पैसा प्रति वर्ग फिट थप दस्तुर लाग्ने छ।

२. सि.नं.१,२ र ३ को हकमा कसैले न.पा.बाट अनुमति नलिई निर्माण कार्य गरेको अबस्थामा नक्सा पास गर्न मनासिब देखिए निम्न बमोजिमको थप दस्तुर लिई नक्सा पास गरिने छ।

(क) प्लीन्थ लेभेल सम्म निर्माण कार्य गरेको भए दस्तुरको ५० प्रतिशत थप दस्तुर लगाईने छ।

(ख) छत ढलान गरेको भए ७५ प्रतिशत थप दस्तुर लगाईने छ।

(ग) निर्माण सम्पन्न गरि बसोबास गरि रहेको भए १०० प्रतिशत थप दस्तुर लगाईने छ

३. सि.नं.४ बमोजिम निर्माण सम्पन्न गर्नु पर्ने अबधि भित्र निर्माण कार्य सम्पन्न गरेको तर सम्पन्न प्रमाण-पत्र नलगेको हकमा म्याद समाप्त भएको मितिले एक बर्ष भित्र निर्माण सम्पन्न प्रमाण-पत्र नलगेमा दोब्बर दस्तुर लाग्ने छ।

४. नक्सा पासका लागी न.पा. मा पेश गर्दा लाग्ने दस्तुरको ५० प्रतिशत थप धरौटी लाग्ने छ र सो धरौटी निर्माण सम्पन्न प्रमाण पत्र लिइ सके पछि निर्माण सामग्री हटाई सफा गरी सके पछि न.पा.को निरीक्षण पश्चात धरौटी रकम फिर्ता दिन मनासिव देखिएमा १० प्रतिशतले कट्टा गरी बाँकी रकम फिर्ता गरीनेछ।

५. नेपाल सरकारको मिति २०७१/८/१६ को निर्णयानुसार लहान नगरपालिकामा गाभिएको क्षेत्रमा नगरपालिकामा समाहित हुनु भन्दा अगावै निर्माण भएका वा निर्माणाधिन पक्की घरहरुलाई मिति २०७३ आषाढ मसान्त सम्मको समय दिई घर नक्सा पास गरि सक्न सुचना जारी गरिने छ। माथी उल्लेखित समय भित्र घर नक्सा पास गर्न आउनेलाई घर नक्सा पास दस्तुरमा ४० प्रतिशत छुट दिइने छ।

## गिलेशन तथा स्टल भाडाको दररेट

नगरपालिका मातहतको नयाँ वजार स्थित गिलेशन तथा स्टल भवन र ओपेनसेडको निम्न वमोजिम भाडा असुल गरिनेछ।

| सि.नं. | विवरण | दररेट | कैफियत |
|---|---|---|---|
| ०१ | कोठा नं. १ देखि २५ सम्मको | ८५०।- | प्रत्येक दुई बर्षमा १० % (दस प्रतिशत) भाडा दरमा वृद्धि गरिनेछ। |
| ०२ | कोठा नं. २६ देखि ५९ सम्मको | ९००।- | |
| ०३ | कोठा नं. ६० देखि ६२ सम्मको | १,०००।- | |
| ०४ | ओपेनसेड प्रति कोठाको | २५०।- | |
| ०५ | ओपेनसेड कोठा नं. ५२ को | ४००।- | |

## पुरानो वजार राममन्दिर नजिकको कोठा भाडाको दररेट :-

| सि.नं. | विवरण | दररेट | कैफियत |
|---|---|---|---|
| ०१ | कोठा नं. १ को | २,३००।- | |
| ०२ | कोठा नं. २ को | २,३००।- | |
| ०३ | कोठा नं. ३ को | २,९००।- | |
| ०४ | कोठा नं. ४ को | २,३००।- | |
| ०५ | कोठा नं. ५ को | १,८००।- | |
| ०६ | कोठा नं. ६ को | १,८००।- | |
| ०७ | कोठा नं. ७ को | ७५०।- | |
| ०८ | न.पा. भवन देखि दक्षिण तर्फ रहेको ४ चार कोठा प्रति कोठा | १,२००।- | |

## फुस घर भाडाको दररेट

नयाँ हटियामा रहेको फुसघर, पसलमा प्रति वर्ग फिट रु. २।५० पैसाका दरले मासिक भाडा लिइने छ।

***द्रष्टव्य*** *:- प्रत्येक महिनाको ७ गते भित्र भाडा बुझाउन आएको खण्डमा उपरोक्त वमोजिम भाडा लाग्ने र सो म्याद नाघि भाडा बुझाउनेहरु लाई २०% जरीवाना लाग्ने छ।*

## कान्जी हाउसको दररेट

| | | | |
|---|---|---|---|
| क. | घोडा, घोडी, गधा, पाडा, पाडी, भैसी, रागा आदीमा प्रति दिन | रु. | ६००।- |
| ख. | गाई, गोरु, वाछा, वाछीमा प्रति दिन | रु. | ५००।- |
| ग. | खसी, वाखा, वोकामा प्रति दिन | रु. | ३००।- |
| घ. | खसी, वाखाको दुध नखाने पाठ, पाठीमा प्रति दिन | रु. | २००।- |
| ङ. | सुगुर, वंगुर प्रति दिन | रु. | २,०००।- |

***द्रष्टव्य :-***

क. कान्जी हाउसमा सुगर वंगुर दाखिला गर्ने व्यक्तिलाई असुलीको प्रतिगोटा ५० % पुरस्कार दिनेछ।

ख. छाडा छाडने सुगुर, वंगुर मार्ने व्यक्तिलाई प्रति सुगुर वंगुरको रु. ५०।-

ग. कान्जी हाउमा दर्ता भएको पशुलाई सम्वन्धीत व्यक्तिले ७ (सात) दिन भित्र छोडाउन नआएको खण्डमा नियमानुसार लिलाम विक्री गरी आएको आम्दानी न.पा.कोषमा जम्मा गरीने छ।

घ. कान्जी हाउसमा दाखिला भएको चौपाया कुनै कारणले बिरामी भएमा वा मृत्यु भएमा सम्बन्धित धनीले क्षत्ति पूर्तिको लागी कुनै दाबी गर्न पाउने छैन।

ङ. माथी उल्लेखित कान्जी हाउसको दर रेट मिति २०७१ माघ १ गते वाट लागु गरिने छ।

## सरसफाई सेवा शुल्क

(१) व्यवसायीहरुको हकमा व्यवसाय करको ५० प्रतिशतले हुन आउने रकम

(२) राष्ट्रिय लोकमार्गको दायां वायां, सहिदचोक देखि १ नम्वर सडक हुदै ग्रामिण चोक वजारसम्म, नयांवजारदेखि शिवचोक, मुख्य बजार, गणेश चोक, २ नम्वर सडकसम्मका घरहरुमा सडक मुखतर्फका हकमा एक तलेसम्म प्रति घर रु. ७००।००, दुइ तल्ले घरलाई रु. ८००।०० (आठसय) र सो भन्दा माथी जतिसुकै तल्ले भए पनि रु. १,०००।००(एकहजार) तथा सडक मुख नपर्ने घरहरुलाई क्रमशः रु. ३००।००, रु. ४००।०० र रु. ५००।०० सरसफाई सेवा शुल्क लाग्ने छ।

(३) माथी उल्लेखित २ नम्वर बाहेक कालोपत्रे सडक पुगेको क्षेत्रमा प्रति घर रु. २००।० लाग्नेछ।

(४) माथी उल्लेखित २ र ३ नम्वर वाहेकका ठाउमा प्रति घर रु. १५०।०० लाग्ने छ।

(५) बजार क्षेत्रका खाली घडेरी जग्गामा प्रति इकाई रु. २००।०० लाग्ने छ।

(६) माथी उल्लेखित फोहरमैला व्यवस्थापन शुल्क एकिकृत सम्पति कर र व्यवसाय कर लिएको समयमा एकमुष्टरुपमा लिइने छ।

(७) आफ्नै घरमा व्यवसाय संचालन गरि वसेको भए व्यवसाय करको ५० प्रतिशत वा माथी उल्लेखित २ नम्वर अनुसार जुन वढी हुन आउछ, सोमा रु. १००।०० थप गरि लिइने छ।

## निर्णय नं. :- १०

**राजस्व परामर्श समितिको सिफारिश अनुसार नगरपालिकावाट प्रस्ताव गरिएका राजस्व सम्वन्धि देहायका नीतिगत निर्णयहरु पारित गर्ने निर्णय गरियो।**

**(क)** नयाँ बजार स्थित गिलेशन कोठा नं. ६५,६७ र ६८ नं. कोठाको सटर बर्षौ देखि बन्द रहेको र भाडा समेत बाँकी बक्यौता रहेको देखिएकोले सम्बन्धित ब्यक्तिबाट भाडा असुल गर्ने गरी कोठा जिम्मा लिई कोठा नं. ६५ को नयुतम रु.२,०००।- तथा कोठा नं. ६७ र ६८ को नयुतम रु.१,५००।- तोकी नियमानुसार सुचना प्रकाशन गरि भाडामा लगाउने निर्णय गरियो।

**(ख)** नयाँ बजारको पुरानो माछा बजार स्थित शहरी विकास बिभाग, राजबिराज डिभिजन कार्यालयबाट निर्माण गरीएको कोठामा सटरको ब्यबस्था गरी, न्युनतम रु.१,५००।- तोकी नियमानुसार सुचना प्रकाशन गरि भाडामा लगाउने निर्णय गरियो।

**(ग)** नयाँ बजार स्थित ओपेन सेडको केही कोठाहरु केही व्यक्तिहरुले सितैमा प्रयोग गरी रहेकोले कोठामा नम्बर उल्लेख गरी, नम्बर कायम भएको कोठा प्रयोग गरेका व्यक्तिको २०७१ श्रावण देखि लगत  कायम गरी नियमानुसार तोकीएको भाडा असुल उपर गर्ने निर्णय गरियो ।

**(घ)**नयाँ बजार स्थित प्रेस भबनको बिचको एउटा कोठा खाली रहेको र सो कोठा जथाभाबीरुपमा प्रयोग    भैरहेकोले, उक्त कोठाको नयुतम रु. २,०००।- तोकी नियमानुसार सुचना प्रकाशन गरि भाडामा लगाउने निर्णय गरियो ।

**(ङ)** विगत आ.व. देखि एकीकृत सम्पत्ति करमा प्रति करदाता वाट लिदै आएको रु १०।- विधुत महसुल लिदै आएकोमा आगामी आ.व.मा पनि यथावत राख्ने निर्णय गरियो ।

**(च)** लहान नगरपालिकाको आन्तरीक श्रोतलाई अझ वढी व्यवस्थीत, दिगो र भर पर्दो वनाउन व्यवसायीहरुको विवरण संकलन गरि अभिलेख अध्यावधीक गर्न र राजस्वको सम्भाव्यता अध्ययन प्रतिवेदनका आधारमा आयका नयां श्रोतहरुको पहिचान गरी करको दायरामा नआएका व्यवसायीहरुलाई करको दायारामा ल्याउन उद्योग वाणिज्य संघसगको सहकार्यमा अभियानमुलक कार्यक्रम संचालन गर्न नगरपालिकालाई निर्देशन दिने निर्णय गरियो ।

**(छ)** राजस्व व्यवस्थापन उप शाखालाई करदाता मैत्री वनाउन शाखामा कार्यरत कर्मचारीहरुको क्षमता विकास गर्न अभिमुखिकरण कार्यक्रम संचालन गर्ने नगरपालिकालाई सुझाव दिने निर्णय गरियो ।

**(ज)** नगरपालिकालाई तीर्न वुझाउनु पर्ने रकम नतिर्ने नवुझाउनेलाई नागरिकता सम्बन्धि सिफारिस बाहेक नगरपालिकावाट प्रवाह हुने सेवा सुविधावाट वन्चित गर्ने र उक्त रकम असुल गर्न एकद्वार प्रणाली नीति लागु गनृ विगतमा भएको निणर्यलाई निरन्तरता दिने निर्णय गरियो ।

**(झ)** नगरपालिकाले चालु आ.व. २०७१/७२ वाट लगाएको सरसफाई सेवा शुल्क र घरवाटो सिफारिशमा आ.व. २०७२/७३ सम्मका लागि विस्तारित क्षेत्रका वडाहरुमा मिति २०७१/१०/१ वाट लागु हुने गरि ५० प्रतिशत छुट दिने निर्णय गरियो ।

**(ञ)** किसानहरुले सहुलियत दरमा मलखाद र विउ विजन प्राप्त गर्न आवश्यक पर्ने स्थानीय निकायको सिफारिश निशुल्क उपलब्ध गराउने निर्णय गरियो ।

**(ट)** नगरपालिकाले चालु आ.व.मा खरिद गरेको फगिङ मेसिन अन्यत्रवाट भाडामा माग भई आएमा मेसिनमा प्रयोग हुने इन्धन र औषधि भाडामा लाने व्यक्ति र संस्था स्वयम्ले व्यहोर्ने गरि प्रति दिन मेसिन भाडा रु. ३०००।०० र मेसिन संचालन गर्ने कर्मचारीलाई खाना खाजा खर्च वापत प्रति दिन रु. ५००।०० उपलव्ध गराउनु पर्ने गरि दर निर्धारण गर्ने निर्णय गरियो ।

**(ठ)** नेपाल सरकार मन्त्री परिषदको मिति २०७१/८/१६ को निर्णयानुसार लहान नगरपालिकामा गाभिएका गा.वि.स.हरुमा प्राविधिक कठिनाईका कारण चालु आ.व.मा एकिकृत सम्पती कर लगाउन सम्भव नदेखिएको हुदा नगरपरिषदवाट चालु आ.व.का लागि तोकिएको दर अनुसार मालपोत असुल गरिने र आवश्यक प्राविधिक तयारी पुरा गरि मिति २०७२ श्रावण १ गते वाट एकिकृत सम्पति कर लगाउने निर्णय गरियो ।

निर्णय नं. ११

नेपाल सरकारको निर्णयानुसार लहान नगरपालिकाको क्षेत्र विस्तार भएको हुदा विस्तारित क्षेत्र समेतलाई समेटन नगर प्रोफायल र आवधिक नगर विकास योजना अद्यावधिक गर्न अत्यावश्यक देखिएको भएता पनि चालु आ.व.मा श्रोतको न्युनताका कारण वजेट विनियोजन गर्न नसकिएको हुदा आ.व. २०७२/०७३ मा श्रोतको व्यवस्था गरि दुवै दस्तावेजहरु अद्यावधिक गर्न नगरपालिका कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं. :- १२

लहान नगरपालिकाको आ.व. २०७०/०७१ को अन्तिम लेखापरिक्षण प्रतिवेदनमा उल्लेखित असुल हुन नसकेको विगतको आय ठेक्का, गिलेसन भाडा र अन्य वक्यौता रकम स्थानीय प्रहरी प्रशासन सँग सहयोग लिई कडाईका साथ असुल उपर गर्ने निर्णय गरियो । स्थानीय प्रहरी प्रशासनको सहयोगवाट असुल उपर भएको रकम मध्ये १० प्रतिशत रकम प्रहरी प्रशासनलाई प्रोत्साहन स्वरुप उपलव्ध गराउने निर्णय भयो ।

निर्णय नं. :- १५

आर्थिक वर्षको अन्त्यमा पेश्की दिने काम लाई निरुत्साहित गर्ने र विगतमा पेश्की लिई हाल सम्म पनि पेश्की फछ्यौट नगर्ने व्यक्ती संघ सस्था एवं उपभोक्ता समिती लाई पत्राचार गरी पेश्की फछ्यौट गर्न लगाउने निर्णय गरियो ।

निर्णय नं. :- १६

नगरपालिकाको आन्तरीक कार्यलाई व्यवस्थीत गर्नका लागि विगतमा स्विकृत गरि लागु गरिएको कर्मचारी प्रशासन विनियमावली, आर्थिक प्रशासन विनियमावली, कर्मचारी कल्याण कोष विनियमावली, संगठन अध्ययन प्रतिवेदन, वारुणयन्त्र संचालन निर्देशिका, सुशासन व्यवस्थापन निर्देशिका, २०६८ सरसफाई तथा फोहोर व्यवस्थापन निर्देशिका, २०६८ लाई निरन्तरता दिदै जाने निर्णय गरियो ।

निर्णय नं. :- १७

लहान नगरपालिकालाई व्यवस्थीत र सुविधा युक्त नगर निर्माणका लागि यस क्षेत्र भित्र निर्माण हुने घर र त्यस्ता घर निर्माण गर्न दिने स्विकृतीले महत्वपूर्ण भूमिका निर्वाह गर्ने हुनाले नगर क्षेत्र भित्र वन्ने, आवासीय, व्यवसायीक, औधौगिक प्रयोजनका घर तथा सामुदायीक भवनहरुको निर्माणकालागि राष्ट्रिय भवन संहीता सरोकारवालाहरुसंगको छलफल तथा राय सल्लाह अनुसार लागु गर्ने । साथै हाल सम्म कार्यान्बयनमा रहेको भवन निर्माण तथा नक्सा पास सम्बन्धि मापदण्ड/कार्यबिधि लाई आवश्यक परिमार्जन सहित निरन्तरता दिने निर्णय गरियो ।

निर्णय नः १८

नगरपालिकामा कार्यरत कर्मचारीहरु मध्ये दमकलमा काम गर्ने कर्मचारीलाई रु २,५००।- र नगर रक्षकहरुलाई रु. १,७००।- (प्रति महिना) उपलब्ध गराई आएको राशन भत्ता यथावत राख्ने निर्णय गरियो । त्यसै गरी पोशाकका सम्वन्धमा वार्षिक निम्नानुसार उपलब्ध गराउने निर्णय गरियो ।

**तपसिल** :-

०१. प्रमुख नगर रक्षक र नगर रक्षकहरुका लागि आवश्यकतानुसार ।
०२. करार कर्मचारीहरुका लागि रु. २,५००।-
०३. अन्य कर्मचारीहरुको हकमा नेपाल सरकारले तोके वमोजिम ।

निर्णय नं. १९

संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको च.न.७२ मिति २०७१/८/१८ को पत्रानुसार नेपाल सरकारको मिति २०७१/८/१६ को निर्णयानुसार लहान नगरपालिकामा गाभिई कायम भएका देहाय बमोजिम वडामा देहाय अनुसार वडा/संयुक्त वडा कार्यालय संचालन गरि आम नागरिकलाई सेवा प्रवाह गर्न नगरपालिका वोर्ड वैठकवाट भएको निर्णयलाई अनुमोदन गर्ने निर्णय गरियो ।

| क्र.सं. | साविक गा.वि.स | हाल कायम भएको वडा | संचालन गरिएको वडा कार्यालय | कैफियत |
|---|---|---|---|---|
| १ | (साविक पडरिया १ देखी ६ सम्म | ११ | संयुक्त वडा कार्यालय ११,१२ | |
| २ | (साविक पडरिया ७ देखी ९सम्म | १२ | | |
| ३ | (साविक वस्तिपुर १ देखी ५ सम्म) | १३ | संयुक्त वडा कार्यालय १३,१४ | |
| ४ | (साविक वस्तिपुर ६ देखी ९ सम्म) | १४ | | |
| ५ | (साविक ढोडना गा.वि.स.) | १५ | वडा कार्यालय वडा नं. १५ | |
| ६ | (साविक तरेगना गोविन्दपुर १ देखी ६ सम्म) | १६ | सयुक्त वडा कार्यालय १६,१७ | |
| ७ | (साविक तरेगना गोविन्दपुर ७ देखी ९ सम्म) | १७ | | |
| ८ | (साविक भदैया गा.वि.स.) | १८ | वडा कार्यालय वडा नं. १८ | |
| ९ | (सोनमती मझौरा) | १९ | वडा कार्यालय वडा नं. १९ | |
| १० | (व्रम्हान गोर्छारी) | २० | वडा कार्यालय वडा नं. २० | |
| ११ | (साविक भवानीपुर कालावन्जर) | २१ | वडा कार्यालय वडा नं. २१ | |
| १२ | साविक सिसवनी | २२ | वडा कार्यालय वडा नं. २२ | |

निर्णय नं. २०

नेपाल सरकारको मिति २०७१/ ८/१६ को निर्णयानुसार लहान नगरपालिकाको छेउछाउमा रहेका नौ वटा गा.वि.स.हरु नगरपालिकामा गाभिएको हुदा संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको च.न.७२ मिति २०७१/८/१८ को परिपत्र अनुसार स्थापना गरिएका वडा कार्यालय समेत लाई समावेश गरि देहाय वमोजिम संगठन संरचना परिमार्जन गरि मिति २०७१ /१०।१ वाट लागु हुने गरि स्विकृत गर्ने निर्णय गरियो ।

**लहान नगरपालिकाको स्वीकृत संगठन तालिका**
**आ.व. २०७२/०७३**



## निर्णय न. २१

लहान नगरपालिकामा छेउछाउका नौ वटा गा.वि.स.हरु गाभिएको हुदा साविकमा रहेको कर्मचारी दरवन्दीमा संगठन संरचनामा वडा कार्यालयहरुका लागि स्विकृत दरवन्दी समेत समायोजन गरि नगरपालिकावाट तयार गरिएको कर्मचारी दरवन्दी विवरण उपर छलफल हुदा पेश भएको दरवन्दी विवरण औचित्यपुर्ण देखिएकोले पेश भए वमोजिम मिति २०७१।१०।१ वाट लागु हुने गरि स्विकृत गर्ने निर्णय गरियो ।

| सि.नं. | पदको नाम | श्रेणी/तह | स्वीकृत दरवन्दी | पदपुर्ति | रिक्त | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | कार्यकारी अधिकृत | रा.प.द्वितीय | १ | १ | ० | |
| २ | इन्जिनियर | अधिकृत स्तर छैठो | १ | १ | ० | |
| ३ | लेखाअधिकृत | अधिकृत स्तर छैठो | १ | १ | ० | |
| ४ | लेखापाल | सहायक स्तर पांचौ | १ | १ | ० | |
| ५ | कानुनी सल्लाहकार | सहायक स्तर पांचौ | १ | १ | ० | |
| ६ | नायव सूव्वा | सहायक स्तर पांचौ | ५ | ५ | ० | |
| ७ | सव इन्जिनियर | सहायक स्तर पांचौ | ४ | ३ | १ | |
| ८ | कम्प्यूटर अपरेटर | सहायक स्तर पांचौ | १ | १ | ० | |
| ९ | सहायक कम्प्यूटर अपरेटर | सहायक स्तर चौथो | १ | ० | १ | |
| १० | खरिदार | सहायक स्तर चौथो | १८ | १० | ८ | |
| ११ | पंजिकाधिकारी | सहायक स्तर चौथो | १ | १ | ० | |
| १२ | अमिन | सहायक स्तर चौथो | १ | १ | ० | |
| १३ | अ.सव इन्जिनियर | सहायक स्तर चौथो | २ | ० | २ | सेवा करार २ |
| १४ | शिक्षिका | सहायक स्तर चौथो | १ | १ | ० | |
| १५ | अ.हे.व. | सहायक स्तर चौथो | १ | ० | १ | सेवा करार १ |
| १६ | प्रमूख नगररक्षक | सहायक स्तर चौथो | १ | ० | १ | सेवा करार १ |
| १७ | इलेक्ट्रिसियन | सहायक स्तर तृतीय | २ | २ | ० | |
| १८ | भारी सवारी चालक | श्रेणी विहीन | ३ | ३ | ० | |
| १९ | हलूका सवारी चालक | श्रेणी विहीन | ६ | ४ | २ | सेवा करार १ |
| २० | हेल्पर | श्रेणी विहीन | १ | ० | १ | |
| २१ | कार्यालय सहयोगी | श्रेणी विहीन | २१ | १७ | ४ | |
| २२ | नगर रक्षक | श्रेणी विहीन | १० | ९ | १ | |
| २३ | फायर म्यान | श्रेणी विहीन | ५ | ५ | ० | |
| २४ | वगैचे | श्रेणी विहीन | २ | २ | ० | |
| २५ | कूचीकार | श्रेणी विहीन | २७ | ५ | २२ | सेवा करार १३ |
| २६ | सिनो फाल्ने | श्रेणी विहीन | १ | १ | ० | |
| २७ | डोम | श्रेणी विहीन | १ | १ | ० | |
| जम्मा | | | १२० | ७६ | ४४ | १८ |

निर्णय : २२

यस नगरपालिकामा गाभिएका साविक गा.वि.स.हरुमा भएको वडा विभाजन अनुसार वडा/सयुक्त वडा कार्यालय स्थापना गर्दा साविक गा.वि.स.मा कार्यरत कर्मचारीहरुलाई वडा कार्यालयमा हाजिर गरि नियमित कामकाज गर्न निर्देशन गरिएकोमा मन्त्रालयको च.नं. ७२ मिति २०७१/८/१८ को परिपत्र अनुसार स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम २१५ र २१६ मा सम्पुर्ण प्रकृया पुरा गरि स्थायी भई कार्यरत कर्मचारीहरुको व्यक्तिगत फायल अध्ययन गर्दा माथी उल्लेखित प्रकृया वाटै स्थायी भएको देखिएको हुदा निजहरुमध्धे देहाय बमोजिमका कार्यालय सहयोगीहरुलाई नगरपालिकाको स्विकृत संगठन संचरना अनुसार वडा कार्यालयका लागि स्विकृत दरवन्दी अनुसार तत् तत् वडा कार्यालयमा पदमिलान गर्ने निर्णय गरियो ।

| सि.नं. | गाविस | हाल कार्यरत्त वडा कार्यालय | पद | नाम | स्थायी नियूक्ती मिति | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | पडरिया | संयूक्त वडा का. ११,१२ | का.स. | श्री लक्षमण चौधरी | २०६४/०९/०१ | |
| २ | वस्तीपूर | संयूक्त वडा का. १३,१४ | का.स. | श्री अर्जुन मोची | २०६६/०६/०१ | |
| ३ | ढोडना | बडा कार्यालय १५ | का.स. | श्री रामकूमार दास | २०५८/०२/३० | |
| ४ | तरेगना गोविन्दपूर | संयूक्त वडा का. १६,१७ | का.स. | श्री छविन्द्र कूमार खूलाल | २०५८/१२/११ | |
| ५ | भदैया | वडा कार्यालय १८ | का.स. | श्री भोला मूसहर | २०५८/११/२२ | |
| ६ | सोनमती मझौरा | वडा कार्यालय १९ | का.स. | श्री रामविलास यादव | २०५९/०२/२७ | |
| ७ | व्रम्हान गोर्छारी | वडा कार्यालय २० | का.स. | श्रीप्रसाद पासमान | २०५८/०९/११ | |
| ८ | भवानीपूर कालावन्जर | वडा कार्यालय २१ | का.स. | श्री गंगाराम यादव | २०६४/०५/२६ | |
| ९ | सिसवनी | २२ | का.स. | | | करार |

निर्णय नं. २३

यस नगरपालिकामा गाभिएका साविक गा.वि.स.हरुमा भएको वडा विभाजन अनुसार वडा/सयुक्त वडा कार्यालय स्थापना गर्दा साविक गा.वि.स.मा कार्यरत कर्मचारीहरुलाई वडा कार्यालयमा हाजिर गरि नियमित कामकाज गर्न निर्देशन गरिएकोमा मन्त्रालयको च.नं. ७२ मिति २०७१/८/१८ को परिपत्र अनुसार स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम २१५ र २१६ मा भएको व्यवस्था अनुरुप साविक भदैया गा.वि.स.मा कार्यरत वन्हुलाल चौधरी वाहेक अरु सवै प्राविधिक सहायकहरु प्रकृया पुरा गरि स्थायी भई कार्यरत रहेको निजहरुको व्यक्तिगत फायल अध्ययन गर्दा देखिएको, सवैले एस.एल.सी. उत्तिर्ण गरेको र साविक गा.वि.स.कार्यालयमा रहि प्रशासनिक कामकाज गरिरहेको र नगरपालिका कार्यालयमा प्राविधिक सहायक दरवन्दी नभएका कारण निजहरुको वृत्ति विकासको सन्दर्भ समेतलाई मध्यनजर गरि र साविक गा.वि.स.हरुमा कार्यरत तत्कालिन गा.वि.स.सचिवहरु अन्यत्र सरुवा भएर जाने निश्चित रहेको सन्दर्भ समेतलाई दृष्टिगत गरि निजहरुलाई नगरपालिकाको स्विकृत संगठन संरचना अनुसार कायम गरिएको सहायक स्तर चौथौ तह(खरिदार)मा पदमिलान गरि गा.वि.स.मा कार्यरत सचिवहरु अन्यत्र सरुवा भए पश्चात वडा सचिवको जिम्मेवारी दिने गरि पदमिलान गर्न उपयुक्त देखिएको हुदा नगरपालिकाद्धारा प्रस्तुत पद मिलान सम्वन्धि प्रस्ताव मिति २०७१/१०/१ वाट लागु हुने गरि स्विकृत गर्ने निर्णय गरियो ।

| सि. नं. | गाविस | हाल कार्यरत्त वडा कार्यालय | पद | नाम | स्थायी नियूक्ती मिति | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | पडरिया | संयूक्त वडा का. ११,१२ | प्रा.स. | श्री प्रेमलाल चौधरी | २०६६/०६/०१ | |
| २ | वस्तीपूर | संयूक्त वडा का. १३,१४ | प्रा.स. | श्री पशूपति चौधरी | २०६६/०६/०१ | |
| ३ | ढोडना | बडा कार्यालय १५ | प्रा.स. | श्री हरिनारायण चौधरी | २०५८/०२/३० | |
| ४ | तरेगना गोविन्दपूर | संयूक्त वडा का. १६,१७ | प्रा.स. | श्री पूष्कल कूमार ढूंगाना | २०६७/०१/०१ | |
| ५ | भदैया | वडा कार्यालय १८ | प्रा.स. | श्री बन्हूलाल चौधरी | | अस्थायी |
| ६ | सोनमती मझौरा | वडा कार्यालय १९ | प्रा.स. | श्री कैलाश महतो | २०६४/०९/२६ | |
| ७ | ब्रम्हान गोर्छारी | वडा कार्यालय २० | प्रा.स. | श्री गोपीलाल चौधरी | २०५८/०९/११ | |
| ८ | भवानीपूर कालावन्जर | वडा कार्यालय २१ | प्रा.स. | श्री राजकूमार साह | २०६४/०९/२७ | |
| ९ | सिसवनी | वडा कार्यालय,२२ | प्रा.स. | श्री मनोज कूमार गूप्ता | २०६६/०६/०१ | |

निर्णय न. २४

नगरपालिकाको स्विकृत संगठन संरचना अनूसारको पदमा कार्यरत स्थायी कर्मचारीहरुको प्रचलित तलव स्केल अनुसार तयार गरिएको तलवी प्रतिवेदन पारित गर्ने निर्णय गरियो ।

निर्णय नं. २५

नेपाल सरकारको आ.व. २०७१/०७२ को बजेट भाषणमा नेपाल सरकारको विभिन्न सेवामा कार्यरत राष्ट्रसेवकहरुको सूरु तवल स्केलमा १० प्रतिशत वृद्धि भई कार्यान्वयन भएको सन्दर्भमा लहान नगरपालिकामा कार्यरत कर्मचारीहरुको समेत सूरु तलव स्केलमा १० प्रतिशत वृद्धि गरिएको नगरपालिका वोर्ड वैठकको निर्णय सान्दर्भिक देखिएको हूदा अनूमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं. :- २६

नगरपालिका कार्यालयमा कार्यरत कर्मचारीहरुले नै वडा सचिवको काम समेत गरी रहेको हुदा कामको वोझ निरन्तर वढीरहेकोले वडा सचिवको काम गर्ने कर्मचारीलाई विगतमा दिदै आएको रु. १,०००।- मासिक भत्ता यथावत राख्ने निर्णय गरियो ।

निर्णय नं. :- २७

लहान नगरपालिकाको वोर्ड तथा विभिन्न समिति उपसिमितको वैठक भत्ता स्थानीय स्वायत शासन नियमावली अनुसार प्रति व्यक्ति प्रति वैठक रु. ३००।- (तिन सय) का दरले उपलव्ध गराइदै आएकोमा चालु आ.व. देखि अतिथि प्रतिनिधिलाई रु ५००।- र अन्यको हकमा रु ३००।०० भत्ता रकम उपलव्ध गराउने निर्णय भयो ।

निर्णय नं. :- २८

नगरपरिषद द्वारा पारित भएको वजेट तथा कार्यक्रम एंव आयमा थपघट, संसोधन वा परिमार्जन आवश्यक भएमा सो थपघट संसोधन तथा परिमार्जन गरी वाधा अडकाउ फुकाउने अधिकार नगरपालिका वोर्डलाई प्रत्यायोजन गर्ने निर्णय गरियो ।

निर्णय नं. :- २९

स्थानीय स्वायत्त शासन ऐन २०५५ तथा नियमावली २०५६ को नियम २१५ को उप नियम १ को “क१” वमोजिम पद पुर्ति समितिको अध्यक्षमा लहान-१ वस्ने श्री सुर्यनारायण चौधरीलाई मनोनयन गर्ने निर्णय गरियो ।

निर्णय नं. :- ३०

यस न.पा. क्षेत्र भित्रको निम्न स्थानहरुमा निम्न अनुसारको कार्य गर्न स्थान तोकिएकोमा उक्त कार्यलाई निरन्तरता दिदै जाने निर्णय गरीयो ।

(क) कान्जी हाउस :- वडा नं. ५ स्थीत नयाँ बजारको गोदाम घर

(ख) मसानघाट :- वडा नं. ४ स्थीत खुट्टीखोलाको उत्तराईनी क्षेत्र

(ग) मरेको पशुपंक्षी गाडने स्थान :- वडा नं. ४ स्थीत खुट्टी र बलान नदीको संगम स्थल देखि दक्षिण पश्चिम क्षेत्र ।

(घ) फोहर मैला थुपार्ने स्थान ( डम्पीग साईड) फोहर मैला व्यवस्थापन केन्द्र, लहान–४

(ङ) वाहुला तथा छाडा कुकुरहरु मारी सार्वजनिक हितको सुरक्षाको व्यवस्था मिलाउने, खतरा युक्त रुख काट्ने व्यवस्था मिलाउने छाडा पशु पकाउ गरी लिलाम गर्ने कार्यलाई निरन्तरता दिने, ऐलानी तथा सार्वजनिक जग्गाहरुको संरक्षण गर्ने कार्यलाई निरन्तरता दिदै जाने

निर्णय नं. ३१

लहान नगरपालिकाको क्षेत्र विस्तार भएको सन्दर्भ समेतलाई मध्यनजर गर्दै ग्रामिण सडकहरुको मर्मत सम्भार र स्तरोन्नती गर्न कार्यालयसंग आफ्नै सवारी साधन हुनू पर्ने आवश्यकता महशुस गरि चालु आ.व. २०७१। ०७२ मा संचालन हुने जगेडा कोष तर्फ बचत हुने रकमवाट जगेडा कोष तथा नगरपालिकाको साझेदारीमा एक थान जे.सि.वि. खरिद गर्न जगेडा कोषसंग सहमति माग गर्ने निर्णय गरियो ।

निर्णय नं. :- ३२

यस नगरपालिकाले तयार गरेको जि.आई.एस. भौगोलिक सुचना प्रणाली स्वीकृत गरी विगत आ.व. देखि प्रयोगमा ल्याएकोमा सो प्रणालीलाई निरन्तरता दीदै जाने निर्णय गरियो ।

निर्णय नं. :- ३३

यस नगरपालिकामा हाल चलि आएको लेखा प्रणालीलाई अझ वढि तथ्यपरक वनाउन प्रोद्भावी लेखा प्रणाली (Accrual Account System ) अवलम्वन गर्ने विगतमा निर्णय भई सफ्ट वेयर समेत जडान गरीएको हुदा आवश्यकता अनुसार परीमार्जन गर्दै जाने निर्णय गरियो ।

निर्णय नः ३४

विगत आ.व. देखि सरसफाई सेवामा सेवा करार तथा दैनिक ज्यालादारीमा कार्यरत जनशक्ति र नगर प्रहरी तर्फ सेवा करारका माध्यमवाट प्रमुख नगर रक्षक पदले गर्ने कामकाज गर्न व्यवस्था गरिएको जनशक्तीको कार्यसम्पादनस्तर हालसम्म सन्तोषजनक देखिएकोले मिति २०७२ आषाढ मसान्तसम्मका लागि निजहरुसंग भएको सेवा करार सम्झौताको अवधि थप गर्ने गरि नगरपालिकावाट भएको निर्णय अनुमोदन गर्ने निर्णय गरीयो ।

निर्णय नः ३५

नगर क्षेत्र भित्र सार्वजनिक निजी साझेदारीमा निर्माण भएको वस पार्क तथा नया वजारको वाख्रा हटिया भन्दा उत्तर पट्टी र हनुमान राईस मिल अगाडीको सार्वजनिक जग्गामा सवारी साधनहरुको पाकीङ्ग स्थल तोक्ने निर्णय विगत आ.व.मा भई कार्यान्वयनमा रहेता पनि सवारी साधनको वढदो चापलाई मध्यनजर गर्दा थप पार्किङ स्थल संचालन गर्नु पर्ने देखिएको हुदा उपयुक्त स्थानको छनौट गरि पार्किङ स्थलहरु थप गर्न नगरपालिकालाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नः ३६

नगर परिषद वाट अनुमोदित आकस्मीक प्रकोप व्यवस्थापन योजना (DMP) द्धारा निर्धारित पुर्व तयारी विपद पश्चात तत्काल संचालन गर्नु पर्ने राहत र विपद पश्चातको व्यवस्थापन लाई व्यवस्थित रुपमा संचालन गर्न नगरपालिकाको तर्फवाट निर्वाह गर्नु पर्ने भुमिकालाई प्रभावकारी वनाउन नगरपालिकालाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय न. : ३७

नगरपालिकाको स्विकृत दरवन्दि रिक्त भई समयमा पदपुर्ति नहुदा कार्य संचालनमा कठीनाई भै रहेकाले स्थायी पदपुर्तिकोलागी प्रकृया अगाडी वढाउने र स्थायी पदपुर्ति नभए सम्मकोलागी नियमानुसार सेवा करारमा लिन सकीने पदहरुमा सेवा करारका माध्यमवाट जनशक्ती व्यवस्थापन गरि कार्य संचालन गर्ने निर्णय गरीयो ।

निर्णय न. :३८

नगरपालिकाबाट पेश्की लिई लामो समयसम्म फछ्र्यौट नगरेका र नगरपालिकालाई तिर्नु वुझाउनु पर्ने रकम नवुझाई वाकी वक्यौता राख्ने देहाय बमोजिमका संस्था तथा व्यक्ति र निजको एकाघरका परीवार लाई न.पा. वाट उपलव्ध गराउने सम्पुर्ण सेवा सुविधा रकम नवुझाए सम्मका लागि रोक्का राख्ने निर्णय गरीयो ।

क) विगतमा न.पा. वाट ठेक्का पट्टा लिई नियमानुसार तिर्नु वुझाउनु पर्ने रकम नवुझाएका व्यक्ति/ संस्था ।

ख) नियमानुसार न.पा.लाई वुझाउनु पर्ने कर महसुल आदी नवुझाई वक्यौता राख्ने व्यक्ति/ संस्था

ग) न.पा. वाट पेश्कि लिई समयमा फछ्यौट नगर्ने व्यक्रि वा संस्था ।

निर्णय न.३९

शौचालयको फोहर पाईपका माध्यमद्धारा सार्वजनिक नाला वा नहरमा मिसाएका घरधनीहरुलाई पहिलो पटकका लागी पाईप हटाई सेप्टी ट्यांक निर्माण गर्न एक महिनाको म्याद दिई सार्वजनिक सुचनाका माध्यमवाट जानकारी गराइने छ । तोकिएको समय सिमा भित्र पाइप हटाएको नपाईएमा रु १०,०००।- जरीवाना गरी न.पा.वाट हटाइने र सो मा लागेको खर्च सहित **जरीवाना रकम समेत सम्वन्धित घरधनीवाट सरकारी वाकी सरह असुल उपर गरिने छ र** रकम असुल उपर नभए सम्मको लागी सम्वन्धित व्यक्ति र निजको एकाघरको परीवार समेतलाई न.पा. वाट उपलव्ध गराइने अत्यावश्यक सेवा वाहेक अन्य सम्पुर्ण सेवा सुविधाहरु रोक्का गर्ने भनी विगतमा भएको निर्णय सान्दर्भिक देखिएकाले यथावत राख्ने निर्णय गरीयो ।

निर्णय नं. ४०

लहान नगरपालिकाको आ.व. २०७०/०७१ को जिन्सी निरिक्षण प्रतिवेदन माथि छलफल गरी प्रतिवेदनले औंल्याए बमोजिम लिलाम गर्नु पर्ने भए लिलाम गर्ने र मरमत संभार गर्नु पर्ने भए मर्मत संभार गरि जिन्सी सामाग्रीहरुको स्याहार सम्भारको उचित व्यवस्था मिलाउन सुझाव दिदै नगरपालिकाद्धारा प्रस्तुत जिन्सी निरिक्षण प्रतिवेदन अनुमोदन गरियो ।

निर्णय नं. ४१

नेपालको अन्तरिम संविधानले अर्थतन्त्रमा निजी, सरकारी र सहकारी क्षेत्रको साझेदारी प्रवर्द्धनमा दिएको महत्वलाई मध्यनजर गरी स्थानीय आर्थिक विकासमा निजी क्षेत्रको सहकार्यलाई प्रोत्साहित गर्न निजी क्षेत्र सहितको लगानीमा संचालन हुने पुर्वाधार विकास लगायतका अन्य कार्यक्रमलाई व्यवस्थित रुपमा संचालन र आइ परेका समस्याहरुको निराकरण गर्न स्थानीय स्वायत्त शासन नियमावलीमा भएको व्यवस्था अनुरुप सार्वजनिक निजी साझेदारी प्रवर्द्धन समिति गठन गर्न नगरपालिकालाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं. ४४

स्वास्थ्य सेवा प्रवर्द्धनमा महिला स्वास्थ्य स्वयम् सेविकाहरुको भुमिका र निजहरुलाई प्राप्त हुने सेवा सुविधाका सन्दर्भमा आजको नगर परिषद वैठकमा छलफल हुदा वालवालिकाहरुका लागि अत्यावश्यक भिटामिन ए लगायतका कार्यक्रममा यस नगरपालिकामा कार्यरत स्वयं सेविकाहरुले पुऱ्याएको योगदानको कदर गर्दै विगत आ.व. देखि प्रदान गरिदै आएको प्रति महिना रु ४००।- खाजा खर्च औचित्यपुर्ण देखिएको हुदा उक्त निर्णयलाई निरन्तरता दिन नगरपालिकालाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय न. ४५

यस नगरपालिका क्षेत्रभित्र फेला परेको वेवारीसे लास नगरपालिकाको तर्फवाट सतगत गरि दिने व्यक्तिलाई रु ५००।- उपलव्ध गराउने गरि विगतमा भएको निर्णयलाई निरन्तरता दिने निर्णय गरियो ।

निर्णय न. ४६

आगामी आ.व. २०७२/०७३ का लागि विभिन्न शिर्षकमा विनियोजन गरिएको वजेट रकम तथा म्याचिङ्ग फण्ड रकम विविध कारणवस वचत हुन गएमा स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधिद्धारा निर्धारित समय सिमा भित्र नगर विकास योजनामा समावेश भई रकम अभावका कारण कार्यान्वयन हुन नसकेका बाँकी अन्य योजनामा नगरपालिकाको निर्णय अनुसार खर्च गर्न अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

निर्णय नं. ४७

नगरपालिका क्षेत्र भित्र राष्ट्रिय कार्यक्रम वाहेक नगरवासीहरुमा जनस्वास्थ्य प्रवर्दन गर्न नगरपालिकाको तर्फवाट विगत देखि प्रवाह गरिदै आएका देहाय वमोजिमका सेवाहरुको समिक्षा गर्दा नगरवासीहरुवाट प्राप्त पृष्ठपोषण समेतलाई मध्यनजर गरी निम्न सेवाहरु आगामी दिनमा समेत निरन्तर जारी राख्न नगरपालिकालाई निर्देशन दिने निर्णय गरियो ।

**निम्न :-**

०१. नगर स्वास्थ्य किल्नीकवाट OPD सेवा ।

०२. नियमित खोप सेवा ( BCG, DPT,missels, titanas, JE )

०३. dots and famely planning

**निर्णय नं. ४८**

सामाजिक सुरक्षा भत्ता अन्तरगतको शिर्षकमा पूर्ण नामावली सहीतको विवरण सार्वजनिकिकरण गरी छलफलका लागि पेश हुंदा निम्न विवरण अनुसारको सा.सु.भत्ता प्राप्त गर्नेहरुको पूर्ण विवरण अनुमोदन गर्ने निर्णय गरीयो ।

तपसिल :-

| क्र. सं. | २०७२/०७३को विवरण | महिला | पुरुष | जम्मा |
|---|---|---|---|---|
| -१ | अन्य जेष्ठ नागरीक | | | ११४१ |
| -२ | दलित जेष्ठ नागरिक | | | ८१८ |
| -३ | एक्कल महिला | १९०५ | ० | १९०५ |
| -४ | पूर्ण अपाङ्ग | | | ५५ |
| -५ | आंशिक अपाङ्ग | | | ४४ |
| ६ | वालपोषण | | | ११५८ |
| जम्मा :- | | | | ५१२१ |

जम्मा :- ३९६३ ( पाच हजार एक सय एक्काइस) मात्र

निर्णय नं. ४९

लहान नगरपालिकामा समावेश भएका साविक नौ वटा गा.वि.स.हरुमा रहेका हाटवजार र सार्वजनिक पोखरीहरुको तथ्याङ्क संकलन गरि आगामी दिनमा ठेक्का वन्दोवस्त गर्न नगरपालिकालाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं. ५०

नेपाल सरकारको सन १०१७ सम्ममा नेपाललाई खुल्ला दिसा मुक्त राष्ट्र घोषणा गर्ने लक्ष्य अनुरुप सिरहा जिल्लाले सन् २०१५ भित्र जिल्लालाई खुल्ला दिसा मुक्त जिल्ला घोषणा गर्न संकल्प अनुरुप लहान नगरपालिकालाई समेत निर्धारित समय सिमा भित्र खुल्ला दिसा मुक्त नगर घोषणा गर्नु पर्ने हुदा सरसफाई क्षेत्रमा कृयाशिल गै.स.स.हरुसंगको साझेदारी , वडा नागरिक मञ्च, नागरिक सचेतना केन्द्र र टोल विकास संस्थाहरुसंगको समन्वयमा आवश्यक कार्यक्रमहरु संचालन गर्न र यो अभियानलाई सहयोग पुऱ्याउन सरसफाई परिचय पत्र लागु गरिएका वडाहरुमा सौचालय निर्माण नगरेका घरधुरीहरुलाई सौचालय नवनाए सम्मका लागि अत्यावश्यक सेवा वाहेक नगरपालिकावाट प्रवाह गरिने सेवाहरु रोक्का राख्न नगरपालिकालाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं. ५१

लहान नगरपालिकाको आठौं नगर परिषद् सम्पन्न गर्न महत्वपूर्ण सहयोग पू-याउनु हुने राजनैतिक दल, उद्योग वाणीज्य संघ, नागरीक समाज, एकिकृत योजना तर्जुमा समिति, वडा नागरीक मंच, नागरिक संचेतना केन्द्र, संघ संस्थाहरु, पत्रकार मित्रहरु,  नगरपालिकाका सम्पूर्ण कर्मचारीहरु,सामाजिक परिचालकहरु लगायत सम्पूर्ण नगरवासी प्रति हार्दिक धन्यवाद ज्ञापन गर्दै नगर परिषद वैठक अन्त गरियो ।